
# लेखापरीक्षण प्रतिवेदन

# षडानन्द नगरपालिका, भोजपुर

## आर्थिक वर्ष २०८०/८१




## महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

# लेखापरीक्षण प्रतिवेदन

## षडानन्द नगरपालिका, भोजपुर

आर्थिक वर्ष २०८०/८१

## महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

## दूरदृष्टि

(VISION)

**जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था**

*(Be A Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य

(MISSION)

**राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने**

*(Provide independent and Quality Audit Service to the Nation)*

## मूल्य मान्यता

(CORE VALUES)

| | |
|---|---|
| ***स्वतन्त्रता*** | *(Independence)* |
| ***निष्ठा*** | *(Integrity)* |
| ***पारदर्शिता*** | *(Transparency)* |
| ***जवाफदेहिता*** | *(Accountability)* |
| ***व्यावसायिकता*** | *(Professionalism)* |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८०।८१ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फर्स्योटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फर्स्योट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

(तोयम राया)

२०८२ वैशाख

महालेखापरीक्षक

**महालेखापरीक्षकको कार्यालय**
**Office of the Auditor General**
**कोशी प्रदेश लेखापरीक्षण निर्देशनालय**
**काठमाडौं**

प.सं.:2081/82 मिति : २०८२-२-६

च.न.:FAR/2080-81/LOC/72

**विषयः** लेखापरीक्षण प्रतिवेदन।

श्री प्रमुख ज्यू,

षडानन्द नगरपालिका, नगर कार्यपालिकाको कार्यालय,
भोजपुर।

## कैफियतसहितको राय

हामीले **षडानन्द** नगरपालिकाको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेटको तुलनात्मक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणी हरू समावेश भएको एकीकृत वित्तीय विवरण) को लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेस गरेका छौँ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पेश भएको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय संचित कोषको बार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ लगायत सम्वन्धित प्रचलित कानुन बमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

## कैफियत सहितको राय व्यक्त गर्ने आधार

१. नगरपालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कन गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । पालिकाले पेश गरेको प्राप्ती र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (म.ले.प. फा. नं. २७०) मा अन्तरसरकारी वित्तीय हस्तान्तरणवाट प्राप्त भएको सामाजिक सुरक्षा तथा संरक्षणको रु १४ करोड ४८ लाख २ हजार , पर्यटन

पूर्वाधार विकासको रु २८ लाख ९० हजार , एकीकृत स्वास्थ्य क्षेत्र सुधार कार्यक्रमको रु १९ लाख ६५ हजार र प्रशासनिक भवन निर्माणको रु ३५ लाख समेत गरी रु १५ करोड २२ लाख ५७ हजार सुत्रमा समावेश गरेको छैन ।

२. नगरपालिकाको रु १ अर्व ७२ करोड ३० लाख ४८ हजार लेखापरीक्षण गरिएकोमा रु १ करोड ६८ लाख ३१ हजार बेरुजु देखिएको छ । सो सम्बन्धमा रु ६७ लाख ३० हजार प्रतिक्रियावाट फस्यौंट भईँ बाँकी बेरुजुमा असुल गर्नुपर्ने रु १५ लाख ३९ हजार, प्रमाण कागजात पेश गर्नुपर्ने रु ४० लाख ८६ हजार र नियमित गर्नुपर्ने रु ४४ लाख ७६ हजार रहेको छ । गत वर्षसम्म रु १० करोड ५१ लाख ५३ हजार बेरुजु बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजु रु ११ करोड ५२ लाख ५४ हजार रहेको छ । बेरुजु बर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु संपरीक्षणको ब्यहोरा यसैसाथ संलग्न छ ।

३. नगरपालिकाले वित्तीय विवरण नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचामा तयार गरेकोमा लेखा टिप्पणीहरु ८,१४,१७, सम्पत्ति तथा राजश्व लगायतका विवरणहरु खुलासा गरेको छैन ।

लेखापरीक्षण कार्य नेपालको संविधान,लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेको नेपाल सरकारी लेखापरीक्षणमान,मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्वन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ । एकीकृत वित्तीय विरण तयार गर्ने **षडानन्द** नगरपालिकासँग हामी स्वतन्त्र छौ । त्यसका लागि स्वीकृत आचारसंहिता अनुसार हामीले काम गरेका छौ । लेखापरीक्षणको क्रममा प्राप्त भएका आधार र प्रमाणहरु राय ब्यक्त गर्न पर्याप्त छौ ।

**अन्य ब्यहोरा**

यो नगरपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, लक्ष्यअनुसार असुली नभएको, कर्मचारीको दरबन्दी अनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा असर परेको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको लगायतका बेहोरा यस लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको छ ।

**वित्तीय विवरण उपर व्यवस्थापन को जिम्मेवारी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम वित्तीय जिम्मेवारी र जवाफदेहिता जिम्मेवार व्यक्तिमा रहेको हुन्छ । त्यसैगरी नेपाल सरकारबाट स्वीकृत भई महालेखा नियन्त्रक कार्यालयबाट लागु भएको नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोवारको सही र यथार्थ अवस्था चित्रण हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा त्रुटीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी **षडानन्द** नगरपालिका व्यवस्थापनमा रहेको छ।नगर कार्यपालिका, नगरपालिका प्रमुख र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय विवरण समग्रमा जालसाजी वा त्रुटिका कारण सारभूत रूपमा गलत आँकडारहित रहेको छ भनी यथोचित

आश्वस्तता प्राप्त गरी रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम लेखापरीक्षण कार्यसम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

( बालकृष्ण थापा )

नायब महालेखापरीक्षक

## बेरुजु वर्गीकरण

### चालु वर्षको बेरुजु

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्यौंट | | | प्रतिक्रियाबाट थप बेरुजु रकम | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | पेश्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | | दफा संख्या | | रकम | असुल गर्नु पर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | पेश्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | सैद्धान्तिक | लगती | | | | | | | | |
| ७० | १५ | १६८३१०४८ | ० | ५ | ६७३०२०२ | ० | ७० | १० | १०१००८४६ | १५३९१५० | ४४७६०८६ | ४०८५६१० | ० | ० | ८५६१६९६ | ० |

### अद्यावधिक बेरुजू स्थिति

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष फस्योंट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| भोजपुर | १०,५१,५३,००० | ० | ० | १०,५१,५३,००० | ० | १,०१,००,८४६ | ११,५२,५३,८४६ |

### बेरुजु सम्परीक्षणको विवरण

| क्र.सं | आर्थिक वर्ष | बेरुजुको दफा | बेरुजुको छोटकरी व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|
| १ | २०८०/८१ | ६५ | स्वास्थ्य सामग्री खरिद | ४४४७२६१.९ |
| २ | २०८०/८१ | ६१ | सहभागी भत्ता | ३२९४०.० |
| ३ | २०८०/८१ | ६८ | राजश्व बाँडफाड | १४०००००.० |
| ४ | २०८०/८१ | ३२ | पेश्की बाँकी | ८५००००.० |
| जम्मा | | | | ६७३०२०२ |

# (८०१०७४०२३०० - षडानन्द नगरपालिका, भोजपुर )

# परिचय

१ **परिचय**

**(क) कार्यालय परिचय :** कोशी अञ्चल भोजपुर जिल्लाको उत्तरी क्षेत्र जिल्ला सदरमुकामबाट १२ कोष दुरिमा रहेको दिङ्ला उत्तरी क्षेत्रका चौध गा.वि.स. को केन्द्रको रुपमा परिचित रहेको छ । २०७१ मंसीर १६ गतेका दिन नेपाल सरकार मन्त्रिपरिषदको निर्णय अनुसार साविक केउरेनीपानी, मूलपानी, तुङ्गेछा, किमालुङ्ग र खार्तम्छा गा.वि.स. लाई समेटेर दिङ्ला बजारमा कार्यालय रहने गरी षडानन्द नगरपालिकामा नेपाल सरकार मन्त्रिपरिषदको मिति २०७३।११।२७ को निर्णय अनुसार साविक नेपालेडाडा, कुदाककाउले, साङपाङ, देउराली र वोया गा.वि.स.लाई समेटेर नगरपालिका घोषणा भएको हो । यस नगरपालिकाको कुल क्षेत्रफल २४१.१५ वर्ग कि.मि.रहेको छ ।

**(ख) लेखापरीक्षणको उद्देश्य :-** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०८०/८१ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य हुनेछ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :-** यस कार्यालयको विनियोजन, राजस्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८०/८१ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८१ ।०५।०५ देखि २०८१ ।०६।०८ सम्म रहेको छ ।

**(घ) लेखापरीक्षण विधि :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

**(ङ) लेखापरीक्षणको सीमा :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

(च) आर्थिक कारोबारको स्थिति :- पालिकाको आय – व्ययतर्फ रु.१७२३०४८३८०.३८ को लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को विस्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

(छ) लेखापरीक्षणमा परीक्षण गरिएका मुख्य विषयहरु :- लेखापरीक्षण योजना अनुसार परीक्षण गरिएका विषयहरु अनुसूची – २ मा संलग्न छ ।

# लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

२ **वित्तीय प्रतिवेदन**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२ मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेको छ । पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS)

अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । पालिकाले उपलव्ध गराएको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) सम्बन्धमा निम्नअनुसार देखिएको छः

| प्राप्ति र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (बजेट र गैरबजेट निकाय) | | | | | |
|---|---|---|---|---|---|
| क्र.स./ आर्थिक सङ्केत | विवरण | चालु आ.ब.को कारोबार | | गत आ.ब. को कारोबार | |
| | | नगद | जम्मा | नगद | जम्मा |
| | राजस्व, अनुदान र अन्य प्राप्ति | | | | |
| ११००० | कर | ११,१६,१५,९६८.११ | ११,१६,१५,९६८.११ | १०,३१,०३,६२२.५२ | १०,३१,०३,६२२.५२ |
| १३००० | अनुदान | ५२,०१,६७,२३३.९५ | ५२,०१,६७,२३३.९५ | ५७,८१,१०,२३७.५७ | ५७,८१,१०,२३७.५७ |
| १४००० | अन्य राजस्व | २,२१,८०,४९०.६४ | २,२१,८०,४९०.६४ | १,९६,९९,१९५.०९ | १,९६,९९,१९५.०९ |
| १५००० | विविध प्राप्ति | २२०. | २२०. | ० | ० |
| क | कुल जम्मा प्राप्ति | ६५,३९,६३,९१२.७० | ६५,३९,६३,९१२.७० | ७०,०९,१३,०५५.१८ | ७०,०९,१३,०५५.१८ |
| ३ | चालु | ४४,८९,१७,११५.४७ | ४४,८९,१७,११५.४७ | ४६,१६,०१,१२५.४५ | ४६,१६,०१,१२५.४५ |
| २१००० | पारिश्रमिक / सुविधा | ३३,५०,८९,३६६.५४ | ३३,५०,८९,३६६.५४ | ३०,०८,५२,७०३.५८ | ३०,०८,५२,७०३.५८ |
| २२००० | मालसामान तथा सेवाको उपयोग | १०,३८,५४,१०१.९३ | १०,३८,५४,१०१.९३ | १५,२९,४८,७६३.०३ | १५,२९,४८,७६३.०३ |
| २५००० | सहायता (Subsidy) | १५,८८,८४२.०० | १५,८८,८४२.०० | ९,७९,३५४.०० | ९,७९,३५४.०० |
| २७००० | सामाजिक सुरक्षा | ५३,६८,१६०.०० | ५३,६८,१६०.०० | ४८,८५,०६९.०० | ४८,८५,०६९.०० |
| २८००० | अन्य खर्च | ३०,१६,६४५.०० | ३०,१६,६४५.०० | १९,३५,२३५.८४ | १९,३५,२३५.८४ |
| ४ | पूंजीगत | २२,६८,७२,८६५.०० | २२,६८,७२,८६५.०० | २३,९९,१६,३४७.७० | २३,९९,१६,३४७.७० |
| ३१११० | भवन तथा संरचना | ३,२४,१०,५८३.०० | ३,२४,१०,५८३.०० | २,५१,२४,४८९.०० | २,५१,२४,४८९.०० |
| ३११२० | सवारी साधन, मेशिनरी औजार, फर्निचर्स तथा फिक्चर्स | ३८,६७,४००.०० | ३८,६७,४००.०० | ४९,३१,५४१.०० | ४९,३१,५४१.०० |
| ३११३० | अन्य पूँजीगत खर्च | २,७८,४००.०० | २,७८,४००.०० | १८,१२,९५१.०० | १८,१२,९५१.०० |
| ३११५० | सार्वजनिक निर्माण | १८,१७,६६,२८९.०० | १८,१७,६६,२८९.०० | १९,८१,३६,६४२.७० | १९,८१,३६,६४२.७० |
| ३११६० | निर्मितसरचनाको सुधार खर्च | ८४,१९,१९३.०० | ८४,१९,१९३.०० | ९८,११,२७६.०० | ९८,११,२७६.०० |
| ३११७० | पूँजीगत सुधार खर्च | १,३१,०००.०० | १,३१,०००.०० | ९९,४४८.०० | ९९,४४८.०० |
| ख) | कुल जम्मा भुक्तानी | ६७,५७,८९,९८०.४७ | ६७,५७,८९,९८०.४७ | ७०,१५,१७,४७३.१५ | ७०,१५,१७,४७३.१५ |
| ग) | बचत /कमी (ग = क-ख ) | (२,१८,२६,०६७.७७) | (२,१८,२६,०६७.७७) | (६,०४,४१७.९७) | (६,०४,४१७.९७) |
| घ) | धरौटी, आकस्मिक कोष लगायतका अन्य कोषको मौज्दातको थप/घट (+/-) | ६,७३,९८३.६५ | ६,७३,९८३.६५ | ४६,१२,२७६.२० | ४६,१२,२७६.२० |
| घ.१) | कट्टी रकम भुक्तानी/दाखिला गर्न बाकी | | | | |
| ङ) | यस आ.ब.को नगद तथा बैंक मौज्दात (बचत /(कमी)) ( ङ = ग+घ) | (२,११,५२,०८४.१२) | (२,११,५२,०८४.१२) | ४०,०७,८५८.२३ | ४०,०७,८५८.२३ |
| | | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| च) | गत आ.व.को नगद तथा बैंक मौज्दात | ७,५६,११,२५२.६८ | ७,५६,११,२५२.६८ | ७,१६,०३,३९४.४५ | ७,१६,०३,३९४.४५ |
| छ) | विनिमय नाफा/घाटा तथा अन्य समायोजन | | | | |
| ज) | आ.व. अन्तको बाँकी नगद तथा बैंक मौज्दात ( ज= ङ+च+छ) | ५,४४,५९,१६८.५६ | ५,४४,५९,१६८.५६ | ७,५६,११,२५२.६८ | ७,५६,११,२५२.६८ |

**(विस्तृत विवरण बेरूजु दफा २ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

३ **वित्तीय विवरणको यथार्थता**

पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवदेन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) तयार गर्नुपर्छ । पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रु.१४४८०२१०५ पर्यटन पूर्वाधार विकास कार्यक्रमको रु२८९०४०२ र प्रशासनिक भवन रु.३५०००००० र स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम रु.१९६५००० समेत गरी रु.१५२२५७५०७ सुत्रमा लेखाङ्कन गरेको छैन । जसले गर्दा सुत्रबाट तयार भएको वित्तीय विवरणसमेत पूर्ण नहुँदा पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन । तसर्थ सबै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ ।

४ **फरक हिसाब**

यस पालिकाले सुत्रबाट तयार गरेको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७०) ले सबै कारोबार नसमेटेको कारण लेखापरीक्षणका क्रममा पालिकाबाट भएका सबै कारोबार समेटिने गरी एकीकृत आर्थिक विवरण तयार गर्न लगाइएकोमा उक्त दुई विवरणमा देहायअनुसार गत वर्षको जिम्मेवारी रु.० , यस वर्षको प्राप्ति रु. -१९६९८४२३५.४३ यस वर्षको भुक्तानी रु. -१९६९८४२३५.४३ र बैङ्क मौज्दात रु.० फरक परेको छ । सुत्रमा पालिकाको सम्पूर्ण आर्थिक कारोबारहरु समाविष्ट गरी म.ले.प.फा.नं.२७० ले पालिकाको समष्टिगत आर्थिक कारोबारको यथार्थ अवस्था चित्रण गर्ने व्यवस्था गर्नुपर्दछ ।

| **विवरण** | गतवर्षको जिम्मेवारी | यसवर्षको प्राप्ति | यसवर्षको भुक्तानी | बैङ्क मौज्दात |
|---|---|---|---|---|
| सुत्र अनुसारको वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७२) | ७५६११२५२.६८ | ६५३९६३९१२.७० | ६७५११५९९६.८२ | ५४४५९१६८.५६ |
| एकीकृत आर्थिक विवरणअनुसार | ७५६११२५२.६८ | ८५०९४८१४८.१३ | ८७२१००२३२.२५ | ५४४५९१६८.५६ |
| फरक | ० | -१९६९८४२३५.४३ | -१९६९८४२३५.४३ | ० |

५ **बजेट पेश, पारित र अख्तियारी**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस पालिकाको उपप्रमुखले मिति २०८०।०३।०९ मा रु.७७ करोड ५७ लाखको बजेट सभा समक्ष पेश गरेकोमा सभाबाट मिति २०८०।०३।०९ मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले मिति २०८०।०४।०१ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ ।आर्थिक वर्ष भित्र सम्पन्न गरिसक्ने गरी बजेट, कार्यक्रम र योजना व्यवस्थापन गर्नु पर्दछ ।

६ **बजेट तथा कार्यक्रम तर्जुमा**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने व्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको व्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ ।

७ **योजना प्राथमिकीकरण**

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ । स्थानीय तहले योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकीकरणका आधारहरू गरिवी निवारण, उत्पादनमूलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दिगो र वातावरण संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार गणना गरी प्राथमिकता आधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ। तर पालिकाले आर्थिक वर्ष २०८०।८१ मा निम्नअनुसार २२९ वडाको लागि वडागत र पालिकास्तरका कुल १०८ योजनामा वजेट विनियोजन गरेको छ।

| क्र. सं. | कार्यक्रमको नाम | योजना सङ्ख्या | रु.२० लाखमाथिका योजना सङ्ख्या | रु.५ लाखदेखि २० 6. लाख सम्मका योजना सङ्ख्या | रु.५लाखभन्दा कमका योजना सङ्ख्या |
|---|---|---|---|---|---|
| १ | पालिकास्तरीय | १०८ | ९ | २३ | ७६ |
| २ | वडास्तरीय | २२९ | ० | १३ | २१६ |
| जम्मा | | ३३७ | ९ | ३६ | २९२ |

उपर्युक्त विवरणअनुसार पालिकाले साना र वितरणमुखी योजनाहरु सञ्चालन गरेको देखिन्छ । जसले गर्दा सञ्चालित योजनावाट दीर्घकालिन प्रतिफल प्राप्त नहुनका साथै चालु प्रकृतिका खर्चमा बृद्धि भै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको छ ।त्यसैगरी यो वर्ष सभाले पारित गरेका उल्लेखित योजना मध्ये ३३७ योजनामात्र कार्यान्वयन भई २६ योजना कार्यान्वयन हुन सकेको देखिएन । तसर्थ पालिकाले योजना वस्तुनिष्ठ तवरले प्राथिमिकीकरण र छनौट गरी प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ ।

८ **आवधिक योजना**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम पालिकाले आफ्नो अधिकार क्षेत्रभित्रको विकासका लागि आवधिक योजना बनाई लागू गर्नेमा यस पालिकाले आवधिक योजना तयार गरेको छैन । आवधिक योजना नहुँदा पालिकाले वार्षिक बजेट तथा कार्यक्रम तयार गर्दा आवधिक योजनाका दीर्घकालीन विषयलाई भन्दा सालवसाली विषयहरुलाई समावेश गरेको देखिन्छ । स्थानीय तहको समग्र विकासका लागि आवधिक योजना तर्जुमा गरी कार्यान्वयन गर्नुपर्दछ ।

९ **त्रैमासिक पूँजीगत खर्च**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने कार्यालयले त्रैमासिक प्रगति विवरण वनाई कार्यसम्पादन गर्नुपर्ने व्यवस्था छ । पालिकाले उपलव्ध गराएको विवरण अनुसार त्रैमासिक पूँजीगत खर्चको स्थिति देहाय बमोजिम छ ।

| **बजेट उपशिर्षक** | **कुल खर्च** | **त्रैमासिक खर्च** | | | | **आषाढ महिनाको खर्च** |
|---|---|---|---|---|---|---|
| | | **प्रथम** | **दोस्रो** | **तेश्रो** | **चौथो** | |
| पुँजीगत खर्चतर्फ | २२,६८,७२,८६५ | १,०८,२४,४२८ | २२३५२९८१ | ५७१४१७१२ | १३६५५३७४४ | ५,४४,८५,२३५ |
| प्रतिशत | १०० | ५ | १० | २५ | ६० | २४ |

पालिकाले उपलब्ध गराएको विवरणअनुसार वार्षिक रु.२२,६८,७२,८६५ निकासा भएकोमा प्रथम त्रैमासिकमा रु.१,०८,२४,४२८ (५ प्रतिशत), दोस्रो त्रैमासिकमा रु.२२३५२९८१ (१० प्रतिशत) तेस्रो त्रैमासिकमा रु.५७१४१७१२ (२५ प्रतिशत) र चौथो त्रैमासिकमा रु.१३६५५३७४४ (६० प्रतिशत) खर्च गरेको देखिएको छ । यसरी नै आषाढ महिनामा मात्र रु.५,४४,८५,२३५ (२४ प्रतिशत) खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार त्रैमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वियन गरिनुपर्दछ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

१० **बजेट सीमा निर्धारण समिति**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्रथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले समितिको गठन गरेको छैन । ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ ।

११ **क्षेत्रगत बजेट र खर्चको स्थिति**

स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०८०।८१ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

| **क्र.स** | **क्षेत्र** | **बजेट** | **खर्च** | खर्च प्रतिशत |
|---|---|---|---|---|
| १ | आर्थिक विकास | ४,४४,५८,९३१.०० | ३,८४,५७,३५७.०० | ८६.५ |
| २ | पूर्वाधार विकास | २०,२४,५७,१४३.९१ | १५,७६,४४,३११.०० | ७७.८७ |
| ३ | सामाजिक विकास | ४०,७८,४५,७४६.५१ | ३७,१०,००,३८७.२२ | ९०.९७ |
| ४ | सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र | ४५,५६,१००.०० | २८,८०,२७३.०० | ६३.२२ |
| ५ | कार्यालय सञ्चालन तथा प्रशासनिक | ११,५०,८४,७८७.७९ | १०,५८,०७,६५२.२५ | ९१.९४ |
| जम्मा | | ७७,४४,०२,७०९.२१ | ६७,५७,८९,९८०.४७ | ८७.२६ |

उपर्युक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये कार्यालय संचालन तथा प्रशासनिकमा सबैभन्दा बढी ९१.९४ प्रतिशत र सुशासन तथा अन्तरसम्बन्धित क्षेत्रमा सबै भन्दा घटीमा ६३.२२ प्रतिशत रहेको छ । पालिकाले आर्थिक विकासमा ६ प्रतिशत बजेट विनियोजन भएकोमा ८६.५ प्रतिशत खर्च भएको, पूर्वाधार विकासमा २६ प्रतिशत बजेट विनियोजन भएकोमा ७७.८७ प्रतिशत खर्च भएको, सामाजिक विकासमा ५२ प्रतिशत बजेट विनियोजन भएकोमा ९०.९७ प्रतिशत खर्च भएको, सुशासन तथा अन्तरसम्बन्धित क्षेत्रमा ०.५ प्रतिशत बजेट विनियोजन भएकोमा ६३ .२२ प्रतिशत खर्च भएको, कार्यालय संचालन तथा प्रशासनिक कार्यमा १५ प्रतिशत बजेट विनियोजन भएकोमा ९१.९४ प्रतिशत खर्च भएको र आर्थिक बर्ष २०८०।८१ मा ७७ करोड ४४ लाख २ हजार ७०९.२१ को बजेट विनियोजन भएकोमा ६७ करोड ५७ लाख ८९ हजार ९८०.४७ (८७.२६ प्रतिशत ) खर्च भएको छ ।

१२ **लक्ष्य प्रगति**

कार्यालोलयले त्रैमासिक तथा वार्षिक प्रगति विवरण बनाई पेश गर्नुपर्नेमा कार्यालयले सञ्चालन गरेका स्थानीय स्तर, जिल्ला तथा केन्द्रीय स्तरका योजनाको नियम बमोजिमको ढाँचामा त्रैमासिक प्रगति विवरण तयार गरेको देखिएन । बजेट खर्च गर्ने तथा खर्चको तोकिएको ढाँचामा वार्षिक प्रगति तयार नगर्ने प्रमुख प्रशासकीय अधिकृतला ाई जिम्मेवार बनाउनु पर्दछ ।

| कार्यक्रम/योजना | कुल कार्यक्रम | वार्षिक प्रगति स्थिति | | | |
|---|---|---|---|---|---|
| | | शून्य प्रगति | २५%सम्म प्रगति | ५०% सम्म प्रगति | ७५% देखि १०० सम्म प्रगति |
| कार्यक्रम संख्या | ९४४ | ११६ | ५ | ९ | ८१४ |

## १३ आन्तरिक नियन्त्रण प्रणाली

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्ने व्यवस्था छ । पालिकाले त्यस्तो प्रणाली तयार आर्थिक बर्षको अन्तमा गरेतापनि लागू गरेको पाईएन। जसले गर्दा पालिकाको आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको र सोमाथि विश्वस्त हुन सक्ने अवस्था छैन । यस सम्बन्धमा देखिएका केही व्यहोराहरु देहायबमोजिम रहेका छनः

- स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्ने सो गरेको पाईएन ।

- पालिकाले एक आर्थिक वर्षको अन्त्य भित्र भएको आफ्नो आर्थिक कारोवारको अनुसुची १४ वमोजिम ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन ।

- पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन। साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्वयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको पाईएन।

- कार्यालयको श्रेष्ता र बैकबिचको हिसाव फरक परे वा नपरेको सम्बन्धमा बैंक हिसाव मिलान विवरण तयार नगरेको कारण हिसाव मिलान भए नभएको सम्वन्धमा यकिन गर्न सकिएन ।

- अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिमके मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिम मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन ।

- विषयगत क्षेत्रमा संचालन हुने कार्यक्रममा बैठक भत्ता, भ्रमण भत्ता, तालिम, गोष्ठीतर्फ बढी केन्द्रीत भई वितरणमुखी रहेको पाईयो।मुल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६क मा ठेक्का सम्झौता र कर भुक्तानीको जानकारी सम्बन्धित आन्तरिक राजस्व कार्यालयलाई नदिई आर्थिक वर्षको अन्तमा मात्र दिइएको तथा इ टीडिएस नगरेको ।

- कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरी निराकरणको प्रयास गरेको अभिलेख नराखेको ।

- कुनै रकमको भुक्तानी दिँदा रित पुगेको वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखी कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन ।

- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १३ वमोजिम आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अगावै पालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामाग्री मूल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्युनतम दररेट तोक्नु पर्नेमा तोकेको पाईएन।

- ठेक्काहरुको विस्तृत विवरण देखिने गरि ठेक्का अभिलेख खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन।

- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७४(२) अनुसार सार्वजनिक खरिद नियमावली बनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा बनाएको पाईएन ।

- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन ।

- संस्था दर्ता ऐन, २०३४ दफा ३ पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण कार्य गर्न सम्झौता भई गठन गरेका उपभोक्ता समिति ऐनको उक्त व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन ।

- सञ्चालित योजनाको सूचना पाटीमा आय-व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांश: पालना भएको पाईएन।

- वातावरणको संरक्षणको एकीकृत दीर्घकालिन योजना तयार नगरेको

- पालिकाको विकास निर्माण व्यवस्थापन तथा सेवा प्रवाहका लागि आवश्यक प्राविधिक तथा प्रशासनिक कर्मचारीको अभाव रहेको पाईयो ।

- सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली, २०६५ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वियन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाईएन ।

- निजामती सेवा ऐन, २०४९ वमोजिम कार्य विवरण बनाई लागु गरेको पाईएन ।

- निजामती सेवा ऐन, २०४९ को दफा ७ ख २ वमोजिम तलबी प्रतिवेदन पारित गराएर मात्र तलव भत्ता भुक्तानी गर्नुपर्नेमा कार्यालयले तलबी प्रतिवेदन पारित नगरि खर्च लेखेको पाईयो ।

- मन्त्रालयको मिति २०७३।१२।२५ को परिपत्र अनुसार यस पालिकामा समाहित भएका साविकका गाँउ विकास समितिको नाममा रहेका पेश्की तथा वेरुजुको लगत तयार गरेको पाईएन ।

- तसर्थ आन्तरिक नियन्त्रण प्रणाली तयार गरी पालिकाको कार्य सञ्चालन तथा व्यवस्थापनलाई प्रभावकारी बनाउनुपर्दछ ।

## १४ अनुदानको अनुगमन

सार्वजनिक निकायबाट उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको एकीन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नुपर्दछ । तर पालिकाले कृषि, पशु, शैक्षिक सेवा, सामान खरिदमा रु.१२३९७८६ अनुदान खर्च लेखेको छ । तर पालिकाबाट बितरण भएको अनुदानको सहि सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सोबाट प्राप्त उपलव्धी मापन गरेको छैन । साथै अनुदान सम्बन्धमा स्थानीय अनुदान नीति तय गरेका छैन । तसर्थ अनुगमनलाई प्रभावकारी वनाई संघ, प्रदेश तथा स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी अनुदानग्राहीको जीबनस्तरमा सुधार आएको यकिन गरी रकमको पूर्ण सदुपयोग गराउनेतर्फ ध्यान दिनुपर्दछ ।

## १५ तलवी प्रतिवेदन

निजामती सेवा ऐन २०४९, स्वास्थ्य सेवा ऐन, २०५३ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४, शिक्षा ऐन, २०२८ मा तलवी प्रतिवेदन पारित गराएर मात्र तलब खर्च लेख्नु पर्ने उल्लेख छ | पालिकाले यो वर्ष तलवी प्रतिवेदन पारित नगराई सङ्घीय सरकारबाट हस्तान्तरित चालु अन्तर्गत स्वास्थ्य तर्फ ५६ कर्मचारीको रु.४३२९०००० शिक्षातर्फ ३४२ शिक्षकहरुको रु१९३४२१००० र पालिकाका ५५ कर्मचारीको रु.२५५६०००० समेत रु.२६२२७१००० खर्च लेखेको छ ।तलबी प्रतिवेदन पारित नगरी खर्च लेख्न पाउने भन्दा बढी तलब भत्ता ग्रेड भुक्तानी हुन सक्ने तथा लेखापरीक्षणको क्रममा भुक्तानीको तुलना गर्न नसकिने भएकोले तलबी प्रतिवेदन पारित गराएर तलब भत्ता भुक्तानी गर्नुपर्दछ ।

## १६ करार कर्मचारी

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ (८) मा नगर प्रहरी, सवारी चालक, सयस, बगैंचे, प्लम्बर लगायतका पद तथा सेवामा बाहेक करारमा नियुक्त गर्न पाइने व्यवस्था छैन। पालिकाले उल्लेखित पदहरुमा बाहेक ५ जना सव इन्जिनियर करारमा नियुक्ति गरी तलव भत्ता रु.२२८४८७५.५ भुक्तानी गरेको पाइयो । ऐनको व्यवस्था विपरीत कर्मचारी नियुक्त गरी भुक्तानी गर्न मिल्ने देखिँदैन ।

| पद | नियुक्ति संख्या | तलव भत्ता रु. |
|---|---|---|
| सव ईन्जिनियर | ५ | २२८४८७५.५ |

## १७ प्रशासकीय संगठन र जनशक्ति व्यवस्थापन

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ८१ दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म प्रमुख प्रशाकीय अधिकृत सहित ५५ जना पदपूर्ती भएको देखिन्छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका प्रशासकीय अधिकृत, इन्जीनियर, लगायत अन्य १८ पदहरु रिक्त रहेका छन् । दरबन्दी

बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ । तसर्थ रिक्त पदहरु यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ ।

१८ **कर्मचारी प्रोत्साहन भत्ता**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ८६(१) बमोजिम स्थानीय सेवा गठन, सञ्चालन व्यवस्थापन, सेवाका शर्त तथा सुविधा सम्बन्धी आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानुन बमोजिम हुने, दफा ८६ (२) बमोजिम स्थानीय सेवाको गठन, सञ्चालन तथा व्यवस्थापन सेवाको शर्त तथा सुविधा सम्बन्धी अन्य व्यवस्था स्थानीय तहले बनाएको कानुन बमोजिम हुने व्यवस्था छ । स्थानीय तहको कन्टिन्जेन्सी खर्चको कार्यविधि बनाई प्रोत्साहन भत्ता रु.१२७२७८१ खर्च गरेको भनाई रहेको छ । पालिकाको आन्तरिक आयलाई समेत विचार गरी कानुन बमोजिम खर्च लेख्नुपर्दछ

१९ **कर्मचारी कल्याण कोष**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ । पालिकाको कर्मचारी कल्याण कोष खातामा रु. ३२८७४५५। मौज्दात रहेको देखिन्छ ।पालिकाले कर्मचारी कल्याणकोष सञ्चाालन निर्देशिका २०७८ जारी गरेकोले उक्त ऐनमा भएको व्यवस्था अनुरुप कोषको प्रभावकारी ब्यवस्थापन तथा सञ्चालन गर्नुपर्दछ ।

२० **जिन्सी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४, ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान ६ महिना भित्र लिलाम गरी सक्नु पर्ने व्यवस्था छ । महालेखा नियन्त्रक कार्यालयले २०७७।८।७ मा २०७७।९।७ भित्र सवै तहका कार्यालयहरुलाइ २०७६।७७ सम्मको मौज्दात प्रबिष्टि र जिन्सी निरीक्षण फारम अनिवार्य रुपमा (PAMS)मा प्रविष्ट गर्ने र अनिवार्य रुपमा (PAMS) मा सरकारी सम्पत्तीको लेखाङ्कन गर्न परिपत्र गरेको छ । यस सम्बन्धि देखिएको व्यहोरा निम्नानुसार छः

· कार्यालयले गत विगत वर्षको मौज्दात रहेका र यस वर्ष खरिद भएका समानहरुको Public Asset Management System (PAMS) मा प्रविष्टी गर्नुपर्नेमा सो गरेको पाइएन । कार्यालयले सामान खरिद गर्दा हालसम्म Manual दाखिला गरेको छ ।अनिवार्य रुपमा PAMS मा जिन्सी दाखिला गरि जिन्सी प्रतिवेदन तयार गर्नुपर्दछ।

· यस पालिका अन्तर्गतका साविक गाउँ विकास समितिबाट भएका सम्पत्ति हस्तान्तरण सम्बन्धमा अभिलेख अद्यावधिक गरेको छैन ।

· नियमावलीको व्यवस्था अनुसार जिन्सी निरीक्षण गराई सोको आधारमा मर्मत सम्भार, लिलामी लगायतका कार्य गरी जिन्सी व्यवस्थापन गर्नुपर्दछ। जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भएका सामानहरुको मर्मत तथा लिलाम गरी जिन्सी अधावधिक गर्नुपर्दछ ।

२१ **जिन्सी निरीक्षण**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४, ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान ६ महिना भित्र लिलाम गरी सक्नु पर्ने व्यवस्था छ ।तर पालिकाले यस वर्ष जिन्सी निरीक्षण गराई प्रतिवेदन तयार गरेको छैन। जसले गर्दा पालिकाको जिन्सीको अवस्था बारे यकिन गर्न सकिएन । नियमावलीको व्यवस्था अनुसार जिन्सी निरीक्षण गराई सोको आधारमा मर्मत सम्भार, लिलामी लगायतका कार्य गरी जिन्सी व्यवस्थापन गर्नुपर्दछ ।

२२ **वितरणमुखी कार्यक्रम**

स्थानिय तहले योजना छनौट गर्दा रोजगारी सृजना हुने जनताको जीवनस्तर उठाउने आयआर्जनसँग प्रत्यक्ष सम्बन्ध भएका र पूर्वाधार विकासको योजनाहरुको छनौटमा ध्यान दिनु पर्दछ। पालिकाले संघीय सरकारबाट सीमित स्रोत प्राप्त गर्ने र आफ्नो आन्तरिक स्रोत पनि सीमित रहेको अवस्थामा सीमित स्रोतको अधिकतम उपयोग हुने गरी उल्लेखित विषयहरुमा केन्द्रित भई योजना कार्यान्वयन गर्नु

पर्नेमा वितरणमुखी योजना र कार्यक्रमहरु संचालन गर्ने गरेको देखियो। जुन योजना र कार्यक्रमहरुले राष्ट्रिय अर्थतन्त्रमा उल्लेखनीय योगदान पुर्‍याउने देखिंदैन। उदाहरणका लागि केही योजना र कार्यक्रमहरु निम्नानुसार छन-

| गो.भौ.नं/मिति | कार्यक्रमको नाम | रकम |
|---|---|---|
| २२।२०८०।०८।२४ | बाला चतर्दशी तथा राम नवमी मेला ब्यवस्थापन | २५०००० |
| १० २०८०।०८।२४ | १०८ आवाल षडानन्द गुरु महाराज जन्मोत्पव | १००००० |
| १७।२०८०।१२।१९ | अपाङ्गता परीचयपत्र वितरण कार्यक्रम | ३९९६७० |
| ३१ | शिवरात्रि मेला भलिवल प्रथम पुरस्कार | १००००० |
| ३६।२०८१।०३।२१ | साकेला पर्व सहयोग | ५०००० |
| २५।२०८०।०६।१४ | अलैचि खेति विस्तार कार्यक्रम | ९६००० |
| ८७।२०८०।०६।२२ | शारदा आ वि ब्यवस्थापन | २९४००० |
| १८४।२०८०।०७।२१ | School digital monitoring system cc camera | ७९४४१८ |
| २७५।२०८०।१०।१० | षडानन्द बहुमुखी क्याम्पस ब्यवस्थापन | १०८०००० |
| २४०।२०८०।०९।१८ | चिउरीबोटे कालडाँडा रमाईलो देउसी समुह | ५०००० |
| ३०५।२०८०।१०।१९ | वडा खेलकुद समीति वडा नं ६ | १९९८२० |
| ३४०।२०८०।१०।२६ | उग्रेन नाम्डोल घ्योलिङ गुम्वा | ५०००० |
| ३६५।२०८०।११।१४ | सुभद्रा पञ्चकन्या आ वि बाध्यवादन खरीद | ५८७६० |
| ३६९।२०८०।११।२७ | खेलकुद तालिम | १००००० |
| ३७३।२०।८०।११।१६ | दिङ्ला ब्याडमिन्टन संघ | २००००० |
| ४०३ ।२०८०।११।२४ | उत्कृष्ट टोल प्रोत्साहन | ५०००० |
| २५।२०८०।०६।२४ | पन्चकन्या कृषि सहकारी संस्था लि | ९६००० |

## २३ रासायनिक मल ढुवानी अनुदान

पालिकाले अनुदानको मल ब्यवस्थापन निर्देशिका २०७७ तर्जुमा गरी मल वितरण ब्यवस्थापन समीतिको मिति २०८०।०७।१५ मा बसेको बैठकले निर्देशिकाको बुँदा नं १७ मा भएको ब्यवस्था बमोजिम प्रतिकेजि रु ११ र प्रशासनिक खर्च रु१ समेत जम्मा रु १२ का दरले मल ढुवानी गर्न अनुदान दिने निर्णय गरेको देखिन्छ । यस वर्ष पालिकाले रासायनिक मल ढुवानीमा रु २०००००० विनीयोजन गरी रु १८००९५० तपसिलका सहकारीलाई भुक्तानि गरेको देखिन्छ । पालिकाले यस बर्ष १५००७९.१६७ के.जी मल ढुवानी गर्न रु.१८००९५० खर्च गरेको देखिन्छ । पालिकाले १५००७९.१६७ के.जी मल सम्बन्धित सहकारीहरुले कृषकहरुलाई वितरण गरेको प्रमाण पेश गर्न सकेन । अत मल ढुवानी लागि बजेट विनियोजन गरी खर्च गरेको देखिएतापनि सम्बन्धित लाभग्राहीले मल प्राप्त गरे नगरेको एकिन नभएकोले अनुगमन प्रतिवेदन पेश गर्नुपर्दछ ।

| गो भौ नं मिति | सहकारीको नाम | रकम रु |
|---|---|---|
| ९।२०८०।९।१८ | टि एम के बहुद्उद्वेश्यीय सहकारी संस्था लि | ३५२००० |
| १३।२०८०।१०।२५ | नवप्रतिभा कृषि सहकारी संस्था लि | ५७८६०० |
| १७।२०८०।१२।१८ | टि एम के बहुद्उद्वेश्यीय सहकारी संस्था लि | ५२८००० |
| ३८।२०८१।०३।१८ | नवप्रतिभा कृषि सहकारी संस्था लि | २५४३५० |
| ३९।२०८१।०३।१८ | नवप्रतिभा कृषि सहकारी संस्था लि | ८८००० |
| जम्मा | | १८००९५० |

२४ **न्यायिक समिति**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतवर्ष फर्स्योट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी १३ र यो वर्ष थप भएको ४ गरी कुल १७ मुद्धा दर्ता भएकोमा २ वटा मात्र फर्स्योट भई १५ बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फर्स्योट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ ।

२५ **सार्वजनिक परीक्षण**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो वनाउन कार्यक्रमको सामाजिक परीक्षण अन्तर्गत सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था बमोजिमको कार्य भएको पाइएन । तोकिए बमोजिम सार्वजनिक परीक्षण गरी पालिकाबाट हुने आर्थिक कारोबारमा जवाफदेहिता र पारदर्शिताको प्रवर्द्धन गर्नु पर्दछ।

२६ **फोहरमैला व्यवस्थापन**

फोहरमैला व्यवस्थापन ऐन, २०६८ अनुसार स्थानीय तहहरुले स्रोतमै फोहरमैलाको वर्गीकरण गर्न लगाई सोही अनुसार सङ्कलन र व्यवस्थापन गर्ने कार्यको शुरुवात गर्न नसकेको कारण फोहरमैला व्यवस्थापनमा जटिलता देखिएको छ । फोहर उत्सर्जन हुने स्रोतमा नै वर्गीकरण गरी कुहिने, नकुहिने, सिसाजन्य, अस्पतालबाट उत्पादित र इ-वेष्ट लगायतका फोहर वर्गीकरण गरी उपयुक्त व्यवस्थापन गरेको देखिएन । फोहरमैलाको उचित व्यवस्थापन गरी पालिकाको पर्यावरणलाई स्वच्छ राख्नुपर्दछ ।

२७ **स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क सङ्कलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक स्रोत अन्तर्गत खानी, जंगल तथा अन्य स्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने व्यवस्था छ । पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन । स्थानीय तहका प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको सङ्कलन र अभिलेख राख्ने कार्य गर्नपर्दछ ।

२८ **आर्थिक सहायता**

पालिकाले स्पष्ट मापदण्ड र कार्यविधि तर्जुमा गरी तथा बजेट विनियोजन गरेर मात्र आर्थिक सहायता वितरण गर्नु पर्दछ। पालिकाले मापदण्ड र कार्यविधि तयार नगरी विभिन्न संघसंस्था र व्यक्तिहरुलाई रु.६५५०३० आर्थिक सहायता वितरण गरेको छ । उक्त रकम पालिकाको कुल आन्तरिक आय रु.२५३६०८०२.४९ को ३ प्रतिशत हुन आउँछ । निश्चित विधि र मापदण्ड वेगर आर्थिक सहायता वितरण गर्ने प्रक्रियामा नियन्त्रण हुनु पर्दछ ।

२९ **कानून र सञ्चालन स्थिति**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म ६ वटा ऐन, ३ वटा नियमावली, २३ कार्यविधि र अन्य ३ लगायत ३९ वटा कानुन निर्माण गरी कार्यान्यिनमा ल्याएको छ । साथै पालिकाले ३९ वटा कानूनहरु निर्माण गरी सभा।कार्यपालिकाबाट स्वीकृत गरेतापनि उक्त कानूनहरु राजपत्रमा प्रकाशन गरेको छैन। तसर्थ उक्त कानूनहरु राजपत्रमा प्रकाशन गरी कार्यान्वियनमा ल्याउनु पर्दछ ।

३० **म्याद ननाघेको पेश्की**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५२ मा पेश्की रकमको विवरण तयार गरी म्याद नाघेको र म्याद ननाघेको छुट्टाछुट्टै अभिलेख राखी एकीकृत लगत तयार गर्नु पर्ने व्यवस्था छ । पालिकाले यस वर्ष १ कार्यक्रममा १ निर्माण व्यवसायीलाई रु.५२००००० पेश्की दिएको छ । पेश्कीको आर्थिक वर्षको अन्तसम्म म्याद ननाघेतापनि सोको अभिलेख व्यवस्थित गरी फर्स्योट तथा गत विगतका पेश्कीको समेत एकिकृत हिसाव कायम गर्नुपर्दछ ।

| सि.नं. | पेश्की लिनेको नाम | पेश्कीको प्रयोजन | रकम |
|---|---|---|---|
| १ | प्रदेज – ह्याङ्ला जे.भि | नगरपालिका भवन निर्माण | ५२००००० |

३१ **ठेक्का अभिलेख**

सार्वजनिक निर्माण कार्य गर्ने हरेक निकायले ठेक्का अभिलेख म.ले.प.फा.न.५०७ को ढाँचामा अद्यावधिक गरी राख्नुपर्ने व्यवस्था छ। निर्माण कार्यको विस्तृत अभिलेखांकनको लागि प्रयोग गरिने ठेक्का सम्बन्धी अभिलेखले कूल गर्नुपर्ने कार्य, हाल सम्म भएको कामको परिमाण, मूल्य, कार्य सम्पादन जमानत, पेश्की ग्यारेन्टीको अवस्था, काम सम्पन्न गर्नुपर्ने मिति, भेरिएशन लगायतको जानकारी उपलब्ध हुन्छ। तर यस कार्यालयले उक्त विवरण देखिने गरी अभिलेख राखेको देखिएन।अतः स्वीकृत ढाचा अनुसार सवै विवरण खुल्ने गरी ठेक्का अभिलेख अद्यावधिक गरी राख्नुपर्दछ।

३२ **पेश्की बाँकी**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-२२** को निर्णयले रू **६५०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२६** को निर्णयले रू **२००,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| पेश्की | ० |

३३ **वार्षिक खरिद योजना/गुरुयोजना**

सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम ८ ले वार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने व्यवस्था छ । यस पालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रु.२२,६८,७२,८६५ पूँजीगत खर्च/खरिद निर्माण कार्य गरेको छ । तर पालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम वार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो । अतः पालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ ।

३४ **खर्च बिश्लेषण**

पालिकाले यसवर्ष कुल आन्तिरक आयबाट रु.२,५३,६०,८०२.४९ राजस्व बाँडफाँड र अनुदानबाट रु.६२४५५७६२४ समेत रु.६४९९१८४२६ आम्दानी भएकोमा चालु तर्फ रु.४४,८९,१७,११५.४७ र पूँजिगत तर्फ रु.२२,६८,७२,८६५.०० समेत रु.६७५७८९९८०.४७ खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा ४ प्रतिशत रहेको छ । यसवर्ष पदाधिकारी सुबिधामा रु.१३१०१००० खर्च भएको छ जुन आन्तरिक आयको ५२ प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ८९.६ प्रतिशत चालु र ८२.९९ प्रतिशतमात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट पालिकाले विकास निर्माण कार्यक्रम सञ्चालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढी खर्च गरेको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा विकास निर्माणमा परिचालन गरिनुपर्दछ ।

### ३५ सोझै खरिद

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ बमोजिम प्रतिस्पर्धा सीमित नहुने गरी खरिद गर्नुपर्ने र नियमावली, २०६४ को नियम ८४ मा रू.१० लाख देखि रू.२० लाखसम्म सिलबन्दी दरभाउपत्रबाट र सोभन्दा बढीको खरिद कार्य बोलपत्रको माध्यमबाट गर्नुपर्ने व्यवस्था छ । यो वर्ष पालिकाले एकै प्रकृतिको निम्नानुसारका मालसामान प्रतिस्पर्धा नगराई विभिन्न आपूर्तकबाट सोझै खरिद गरी रु.२४ लाख ९० हजार ६७५ खर्च गरेको छ । सार्वजनिक ऐन, नियमावली अनुसार प्रतिस्पर्धा एवं पारदर्शिता हुनेगरी खरिद गर्नुपर्दछ ।

| गो.भौ.नं. | आपूर्तकको नाम | सामानको नाम | रकम |
|---|---|---|---|
| ४२६।०८१।३।१९ | हाइटेक कम्प्युटर एण्ड इलेक्ट्रोनिक्स | आइटी सामाग्री खरिद | ४,१५,०००.० |
| ४३३।०८१।३।२० | डिजिटल ट्रेडर्स | आइटी सामाग्री खरिद | १,६०,००० |
| ४४९।०८१।३।२१ | सोलार कन्ट्रक्सन एण्ड इनर्जी प्रा.लि. | UPS खरिद | १,००,००० |
| ३५।२०८१।१।१६ | माइक्रो अफिस अटोमेशन | कम्प्यूटर, फर्निचर फिक्चर्स, क्यामरा, अन्य | १,५०,००० |
| ४६।२०८१।२।१३ | माइक्रो अफिस अटोमेशन | कम्प्यूटर, फर्निचर फिक्चर्स, क्यामरा, अन्य | १,५०,००० |
| ७८५।०८१।३।१८ | शिखरपुर टेक्ननिकल इन्ष्टिच्युट | कम्प्युटर पिन्टर डेक्सटप लगायत अन्य | ४,९५,६७४ |
| ८३४।।०८१।३।२० | बज्राचार्य सप्लायर्स | ल्यापटप खरिद | ९९,००० |
| ८६५।०८१।३।२३ | जिम्बि कम्प्युटर्स | ल्यापटप खरिद | ३,९०,००० |
| ५२३।०८१।१।१६ | माइक्रो अफिस अटोमेशन | कम्प्यूटर, फर्निचर फिक्चर्स, क्यामरा, अन्य | ५३४००१ |
| जम्मा | | | २४९०६७५ |

### ३६ सफ्टवेयर खरिद

नेपाल सरकारको सूचना प्रविधि प्रणाली (व्यबस्थापन तथा सञ्चालन) निर्देशिका, २०७१ को बुँदा नं.४.१ मा कुनै सरकारी निकायले आफ्नो कार्य विद्युतीय माध्यमबाट सञ्चालन गर्नका लागि प्रयोग गर्ने सूचना प्रविधि प्रणालीको निर्माण गर्दा त्यस्तो प्रणाली सम्बन्धी कागजात तयार गरी मानक अनुरुप भए नभएको निर्धारण गर्न सूचना प्रविधि विभागबाट स्वीकृत गराउन पर्ने व्यबस्था रहेको छ । स्थानीय तहले सम्बन्धी सफ्टवेयर खरिद गरी देहायबमोजिम रु.७,९४,४१८खर्च गरेकोमा खरिद भएका सफ्टवेयरको सूचना तथा प्रविधि विभागबाट स्वीकृत लिएको देखिएन । यस्ता सफ्वेयर स्वीकृति लिई प्रयोग गर्नुपर्दछ ।

| गो.भौ.नं. | सिटमको नाम | आपूर्तक | रकम |
|---|---|---|---|
| १८४।०८०।७।२१ | School Digital Monitoring System | इन्फिनिटि टेक | ७,९४,४१८ |

### ३७ परामर्स तथा डीपीआर खर्च

बजेट व्यवस्था भई कार्यान्वियन हुने आयोजनाको मात्र गुरुयोजना डीपीआर लगायतको अध्ययत गरी प्रतिवेदन तयार गर्नु पर्दछ । यस कार्यालयले यो बर्ष स्वीकृत बार्षिक कार्यक्रम अनुसार देहायबमोजिमको कार्य परामर्शदाताबाट गराई प्रतिवेदन प्राप्त गरको छ ।

| कार्य विवरण | परामर्शदाता | स्वीकृत रकम | खर्च रकम | अध्ययनबाट निर्धारण भएको आयोजनाको लागत |
|---|---|---|---|---|
| नदि जन्य पदार्थको आ ई ई | श्री लाइफ टाइम नियरिङ सोलुसन प्रा.लि. | ७,००,००० | ४,९७,२०० | |
| फेरी मर्मत | जि.आर.आई.टि इन्जिनियरिङ्ग प्रा.लि. | १०००००० | २,१६,९६०. | कार्य सम्पन्न भएको |
| वडा नं १० को याङसिरी चौकदेखि सत्तल रोड डिपिआर | फाइनर इन्जिनियरिङ्ग कन्सल्टेन्सी प्रा.लि. | १०००००० | ४,९७,२०० | |
| जम्मा | | | १२११३६० | |

यस्तो अध्ययन कार्य गराउँदा लाग्ने खर्चको लागत अनुमान तयार गर्दा कुनै आधार नलिई स्वीकृत बजेट बमोजिमकै रकम खर्च गरेको उपयुक्त देखिएन । डी.पी.आर.तयार गर्दा कार्यालयको प्राविधिक जनशक्ति प्रयोग नगर्नाको कारण स्पष्ट गर्दै आगामी दिनमा कार्यालयको प्राविधिक जनशक्तिबाट यस्तो कार्य गराउनु पर्दछ । साथै यसरी अध्ययन प्रतिवेदन तयार भएका आयोजनाहरु कार्यान्वियनमा गएको समेत नदेखिएकोले खर्चको सार्थकता समेत देखिएन।

३८ **हेभी इक्विपमेण्टको प्रयोग**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को नियम उपनियम (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा सामान्यताः डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छ । सो नियमावलीको प्रतिबन्धात्मक वाक्यांशमा लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिशमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने उल्लेख छ । पालिका अन्तर्गत सञ्चालित अधिकांश सडक निर्माण तथा स्तरोन्नतिसँग सम्बन्धित योजनाका उपभोक्ता समितिहरुले डोजर, एक्साभेटर लगायतका हेभी मेशिन प्रयोग गर्ने गरेको पाइए तापनि नियमावलीको व्यवस्था बमोजिम सम्बन्धित प्राविधिकको सिफारिश गराई गाउँ कार्यपालिकाको कार्यालयबाट सहमति लिएको पाइएन । यसका केही उदाहरणहरु यसप्रकार रहेका छन :

| गोभौनं./ मिति | उपभोक्ता समितिको नाम | कामको विवरण | भुक्तानी रकम | प्रयोग गरेको हेभी उपकरण | हेभी उपकरणमा भएको खर्च |
|---|---|---|---|---|---|
| ३०।०८०।९।५ | वडा नं २ को बौलिया पुच्छर पिपलडाँडाबाट बौलिया काउले सडक स्तरोन्नती उ स | वडा नं २ को बौलिया पुच्छर पिपलडाँडाबाट बौलिया काउले सडक स्तरोन्नती | ४,१०,५६१.०० | Excavator | २६६४५४ |
| ३१।०८०।९।५ | वडा नं २ को वडाको सम्पुर्ण बाटो सरसफाई उ स | वडा नं २ को वडाको सम्पुर्ण बाटो सरसफाई | ७,५४,५०८.०० | Excavator | ६३९८५१ |
| १७५।०८०।१२।२७ | वडा नं २ को टुनी खर्क देखि बोम्दाक सडक ट्र्याक ओपन उ स | वडा नं २ को टुनी खर्क देखि बोम्दाक सडक ट्र्याक ओपन | ५,३९,३३६.०० | Excavator | ५४०११६ |
| ८०।०८०।१०।२४ | वडा नं २ को कुदाक वाछा जोड्ने सडक ट्र्याक ओपन उ स | वडा नं २ को कुदाक वाछा जोड्ने सडक ट्र्याक ओपन | ५,४०,११०.०० | Excavator | ५४२१४३ |
| ९९।०८०।११।१३ | वडा नं १४ को चाकालुङ्ग बान्टुङ्ग सडक निर्माण क्रमागत उ स | वडा नं १४ को चाकालुङ्ग बान्टुङ्ग सडक निर्माण | २१६८९६ | Excavator | २१७०६५ |
| १५५।०८०।१२।२० | वडा नं १२ को १२ नं वडा भरीको बाटो मर्मत तथा निर्माण उ स | वडा नं १२ को १२ नं वडा भरीको बाटो मर्मत तथा निर्माण | ४३००३३ | Excavator | ३१५०२५ |
| २२९।०८१।१।१८ | वडा नं १३ को घलेगाउँ होम्दाक सडक निर्माण उपभोक्ता समिति उ | घलेगाउँ होम्दाक सडक निर्माण | २६९६५१ | Excavator | २६९६५१ |
| ३८९।।८१।३।१० | बुम्दाक सडक ट्र्याक ओपन उ स | बुम्दाक सडक ट्र्याक ओपन | ३,२३,४५६.०० | Excavator | ३२५८४७ |
| ३८३।०८१।३।७ | बालुवाबेसि सोमबारे सडक स्तरोन्नति उ स | बालुवाबेसि सोमबारे सडक स्तरोन्नति | ५,३८,८९३.०० | Excavator | ४१८८७७ |
| ४०१।०८१।३।१३ | वडा नं ६ को शुभद्रा पञ्चकन्या आ.वि. ग्राउण्ड सम्याउने उ स | वडा नं ६ को शुभद्रा पञ्चकन्या आ.वि. ग्राउण्ड सम्याउने | ३१८८२१ | Excavator | ३१८८२२ |

३९ **प्याकेज टुक्र्याइएको**

प्रदेश समपुरक कोष अन्तर्गत सभाहल निर्माण कार्यको लागी आ.व. ७८।७९ मा रु. ५२७०९६४०।लागत अनुमान सहितको डि.पि.आर तयार भएकोमा आ.व. ०७९।८० को पहिलो पटक ठेक्का लाग्दा सभाहल निर्माण कार्यको रु. ६९००९७७। लागत अनुमान तयार भई टाई बिम र पिल्लर ढलानसम्मको काम भएको छ । दोस्रो ठेक्का आ.व. 2080।८१ मा ईटाको गारो लगाउने ट्रसको र छानाको सबै कामको लागी रु. 19719996.52 को लागत अनुमान तयार भई निर्माण कार्य भएको र तेस्रोमा प्लास्टर कम्पाउण्ड वाल सेनिटरी र ईलेक्ट्रिकको कामको लागी रु . ७०४४४९७।९८ को लागत अनुमान तयार भई कार्य हुँदै आएको छ ।त्यसैगरी २०८०।८१ मा तेस्रो ठेक्काको म्याद थपको लागी निवेदन दिएको तर प्रकृयामा रहेको छ। बजेट अभावमा एउटै कामको लागी एउटै प्याकेजमा हुन सक्ने काम पनि प्याकेज टुक्रा पारी पटक पटक ठेक्का लाग्ने गरेको र साल बसाली रुपमा गर्नु पर्ने काम म्याद थप गरी योजनाको अवधि बढ्न गएको छ । स्रोतको सुनिश्चितता गरी सभाहल निर्माण कार्य यथाशिघ्र सम्पन्न गर्नु पर्दछ ।

४० **कार्य सम्पन्न प्रतिवेदन**

पालिकाले लमुखोला खानेपानी योजनाको लागी पाइप तथा फिटिङ्ग खरिद कार्यको लागी रु. ५९६६५७२ को लागत अनुमान तयार गरी बोलपत्रको माध्यमबाट मिति २०८०।१२।१५ मा सुचना प्रकाशन गरेकोमा सबै भन्दा न्युन कबोलकर्ता श्री एसएन इन्टरनेशनल, धरानको रु. ३४७४७५०।को कबोल अंक स्वीकृत गरी मिति २०८१।३।२० मा कार्यसम्पन्न गर्ने गरी मिति २०८१।२।८ मा सम्झौता सम्पन्न गरेको छ । उक्त मालसामान सम्बन्धित योजनामा प्रयोग भए नभएको यकिन गरि कार्यसम्पन्न प्रतिवेदन पेश गर्नु पर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ३४,७४,७५० |

४१ **प्राविधिक बिल र कार्य सम्पन्न**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ । उपभोक्ता समितिहरुबाट सञ्चालित योजनाको ठेक्का बिलहरुमा लागत अनुमान र वास्तविक कामको मूल्याङ्कनमा बरावर परिमाण र रकम उल्लेख भएको देखिन्छ । लागत अनुमान बरावर नै मूल्याङ्कन भएको देखिएकाले वास्तविक काम कति भएको हो भन्ने सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था देखिएन । प्राविधिकले पेश गर्ने कार्य सम्पन्न प्रतिवेदनमा कार्य सम्पन्न गर्नुपर्ने मिति र कार्य सम्पन्न भएको मिति लगायतका इन्जिनियरिङ नर्म्स अनुसार बिलमा खुलाउनुपर्ने तथ्याङ्क उल्लेख गरेको पाईएन । यसले गर्दा कुन काम कहिले सम्पन्न गर्नुपर्ने र तोकिएको अवधिमा सम्पन्न भए/नभएको विषयमा यकिन हुन नसकिएको हुँदा प्राविधिकले इन्जिनियरिङ नर्म्स अनुसारको उपभोक्ता समितिको बिल बनाउँदा नापजाँचलाई वास्तविक कार्यसम्पादनमा आधारित बनाउनुपर्दछ ।

४२ **ठेक्का व्यवस्था**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ९ मा खुला रुपमा वोलपत्र आह्वान गरी खरिद गर्ने सम्वन्धी व्यवस्था छ । पालिकाले वोलपत्र मार्फत प्रतिश्पर्धि आपूर्तिकर्ता छनौट गरी वार्षिक कार्यक्रम अनुसारका सडक निर्माणका योजना कार्यान्वियन गर्दै आएको छ । यस्ता योजना लागत अनुमान भन्दा १७.९८ देखि ७१.११ प्रतिशत सम्म घटीमा गर्ने गरी कबोल भए अनुसार कार्यान्वियन गराएको पाइयो । पालिकाको स्वीकृत नर्मशका आधारमा तयार भएको लागत अनुमान भन्दा धेरै घटीमा सोही गुणस्तरको कार्य गर्न कबोल गरी अधिकांश योजना निर्माण सम्पन्न गरी भुक्तानी फरफारक गरेको पाइयो । यस्ता योजनाको भुक्तानी गर्दा निर्माण सामाग्री र निर्माण कार्यको गुणस्तर परीक्षण गरेको भएपनि न्यून लागतमा सोही गुणस्तरको कार्य भएको सम्वन्धमा नर्म्समा नै अधिक मूल्याङ्कन भएको हो वा गुणस्तरमा सम्झौता गरी भुक्तानी फरफारक भएको हो सो सम्वन्धमा पालिकाको ध्यानाकर्षण हुनुपर्ने देखिन्छ । साथै निर्धारित गुणस्तरमा कार्य भएको प्रमाणित गरी भुक्तानी गरेका कार्य निर्धारित अवधि सम्म टिकाउ भए नभएको यकिन गर्न प्रणाली सुदृढ गरी न्यून मुल्यमानै गुणस्तरीय कार्य हुने भएमा नर्म्स समेत सम्वन्धित निकायले पुनरावलोकन गर्नुपर्ने देखिन्छ । यस्ता केही योजनाको विवरण देहायमा उल्लेख छ । लागत अनुमानको तुलनामा उल्लेख्य प्रतिशत घटीमा गर्ने गरी कबोल तथा सम्झौता भएका केही योजनाको विवरण देहायमा उल्लेख छ ।

| क्र.सं. | योजनाको विवरण | ठेक्का नं. | बोलपत्रदाता | लागत अनुमान | सम्झौता रकम | घटी प्रतिशत |
|---|---|---|---|---|---|---|
| १ | सभाहल निर्माण कार्य | SM/NCB/w.02/080/81 | अनलाइट बिल्डर्स प्रा.लि. का.म.न.पा.- १६ | १९७१९९९६।५२ | १३६६२३६४।३१ | ३०।७१ |
| २ | सभाहल निर्माण कार्य | SM/NCB/W/05/080/81 | श्री एच.टि. विल्डर्स, काठमाण्डौ | ७०४४४९७।९८ | ४८२६४७७।०९ | ३१।४९ |
| ३ | लमुखोला खानेपानी योजना | SM/NCB/W/04/080/81 | तामाकोशी/ शिवदुति जे. भि., काठमाण्डौ | ३२५२३५२९।४६ | २६६७५४६७।४२ | १७।९८ |
| ४ | लमुखोला खानेपानी योजनाको लागी पाइप तथा फिटिङ्ग खरिद कार्य | SM/NCB/G/04/080/81 | एसएन इन्टरनेशनल, धरान | ५९६६५७२।१२ | 3474750 | ४१।७६ |
| ५ | उदयपुर बालुवाबेशी चिउरी बोटे घुमाउने चौतारा सडक | SM/NCB/W/03/080/81 | उपमा उपसना कन्स्ट्रक्सन, भोजपूर | ११०३४८२३।३१ | ६४३४१२१।९७ | ४१।६९ |
| ६ | स्वास्थ्य चौकि निर्माण वडा नं १४ | SM/NCB/W/01/080/81 | जि.एन. कन्स्ट्रक्सन, षडानन्द ०७ | १८५४७७६।६७ | १३२०७४९।२३ | २८।७९ |
| ७ | स्यानिटरी प्याड खरिद | | बिराट हेल्थकेयर इन्डस्ट्रिज प्रा.लि. मोरङ | १७६८७६६।४ | ५१०९७६।९६ | ७१।११ |
| ८ | स्वास्थ्य उपकरण तथा सर्जिकल सामाग्री खरिद तथा ढुवानी कार्य | | एप्रोप्रिएट सर्जिकल ट्रेडिङ्ग प्रा लि त्रिपुरेश्वर काठमाण्डौ | ५९५९७८२।७२ | ४४४७२६१।९० | २५।३८ |

४३ **म्याद थप**

सार्वजनिक खरिद नियमावली, 2064 को नियम 120 मा खरिद संझौता बमोजिमको काम संझौताको अवधिभित्र पूरा गर्न नसकेमा निर्माण व्यवसायीले सम्बन्धित सार्वजनिक निकायमा निवेदन दिनुपर्ने र कार्यालयले सो निवेदन उपर आवश्यक जाँचबुझ गरी गराई कारण उचित लागेमा म्याद थप गर्न सक्ने प्रावधान छ । म्याद थप गर्नुअघि सम्बन्धित निर्माण व्यवसायीले समयमा नै काम सम्पन्न गर्न भर मग्दुर प्रयास गरे नगरेको, काबुबाहिरको परिस्थिति भए नभएको, कार्यालयले उपलब्ध गराउनु पर्ने कुराहरु उपलब्ध गराए नगराएको जस्ता कुराहरुको विश्लेषण गरेर मात्र खरिद संझौताको म्याद थप गर्नुपर्ने कुरा पनि सोही नियममा उल्लेख छ । निर्माण व्यवसायीले काममा कुनै प्रगति नगरेको अवस्थामा पनि नियम १२१ अनुसार पूर्व निर्धारित क्षतिपूर्ति नलिई म्याद थप गर्नाले निर्माण व्यवसायीले काम सम्पन्न गर्न चासो दिने गरेको देखिएन । तसर्थ कार्यालयले संझौता अनुसारको काम समयमा नै सम्पन्न गर्न निर्माण व्यवसायीलाई जिम्मेवार बनाउनु पर्ने देखिन्छ । कार्यालयले उपलब्ध गराएको विवरण अनुसार म्याद थप सम्वन्धी विवरण निम्नानुसार छ ।

| ठेक्काको विवरण | सम्झौता मिति | सम्झौता रकम | सम्पन्न गर्नुपर्ने मिति | हाल सम्मको भुक्तानी | म्याद थप अबधि | सुरु अबधिको म्याद थप प्रतिशत |
|---|---|---|---|---|---|---|
| स्वास्थ्य उपकरण तथा सर्जिकल सामाग्री खरिद तथा ढुवानी कार्य | २०८१।३।२० | ४४४७२६१।९० | २०८१।३।२४ | ४०२८५९६ | २०८१।६।२३ | २२५० |
| सभाहल निर्माण कार्य | २०८०।११।२४ | ४८२६४७७।०९ | २०८१।०३।२० | ३८४०८३३।१३ | प्रकृयामा रहेको | |
| दिंगला सतिघाट सडक कालोपत्रे | २०७९।०९।०३ | ८७९२९८१६।९९ | २०८१।०३।३ | ४९५३७६११।३४ | प्रकृयामा रहेको | |
| स्वास्थ्य चौकि निर्माण वडा नं १४ | २०८१।०२।१७ | १३२०७४९।२३ | २०८१।०३।२० | १००२७३८।४२ | प्रकृयामा रहेको | |
| उदयपुर बालुवाबेशी चिउरी बोटे घुमाउने चौतारा सडक | २०८०।९।२९ | ६४३४१२१।९७ | २०८१।३।२० | १५१५०५०।५९ | प्रकृयामा रहेको | |

आयोजनाले उपलव्ध गराएको विवरण अनुसार हाल चालु रहेका १२ ठेक्का मध्ये एकको शुरु सम्झौता अवधिको तुलनामा २२५० प्रतिशत म्याद थप भएको छ भने ४ ठेक्काको म्याद थपको प्रकृयामा रहेको देखिन्छ। सम्झौतामा व्यवस्था भए अनुसार कार्यतालिका बमोजिम काम सम्पन्न गराउनु पर्दछ ।

४४ **अमानत**

सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ९८ मा सार्वजनिक निकायले अमानतबाट काम गर्न एक तह माथिको अधिकारीको पूर्व स्वीकृति लिनुपर्ने तथा त्यस्तो काम गराउँदा आवश्यक पर्ने निर्माण सामाग्री यस नियमावली बमोजिम खरिद गरी ज्यालामा काम गराउन पर्ने व्यवस्था छ । तर पालिकाले निम्न कर्मचारीहरु मार्फत निर्माण सामाग्री खरिद समेत अमानतमा गराई सम्बन्धित कर्मचारीलाई भुक्तानी दिएको देखिन्छ । यसरी सामान खरिद गरी सोही विलको आधार र डोर हाजिरीको रकम सहित रु.१२२६०८६ कर्मचारीलाई भुक्तानी दिएको सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९८(१) र (२) अनुसार नियम सम्मत नदेखिएको रु.

| गौश्वरा भौचर | भुक्तानी पाउनेको नाम | बिबरण | रकम |
|---|---|---|---|
| १३।०८०।६।१७ | हिरालाल विश्वकर्मा | श्री लक्ष्मी प्रा वि तथा बुढाथोकी डाँडा पहिरो तथा वडा कार्यालय माथि रोडा लगाउने कार्य | ५४,४७३ |
| १६।०८०।६।१७ | धन बहादुर तामाङ | दिङ्ला तुङ्गेछा सेमेङ्ग चण्डिथान सडक मर्मत कार्य | ९५,७२९ |
| १८।०८०।६।२४ | द्रोणराज राई | ४ नं को वडा कार्यालय छेउ ग्याविन व्याक फिलिङ्ग कार्य | ६३,८१३ |
| १९।०८०।६।२४ | विजय कुमार चौधरी | दिङ्ला तुङ्गेछा सेमेङ साङपाङ सडक मर्मत कार्य | ९९,५८६ |
| २०।०८०।६।२४ | सम्बर बहादुर तमाङ | खकुवा खोला ग्याविन जाली तथा कान्ले खोला पहिरो व्यवस्थापन का | ५३,३०९ |
| २१।०८०।६।२४ | सम्बर खत्री | दिंलादेखि ३ नं वडा कार्यालयसम्म जाने सडक मर्मत कार्य | ७७,५८३ |
| ५१।०८०।१०।८ | सम्बर तामाङ | कान्ले खोला बाटो मर्मत | ९८,०९८ |
| ७१।०८०।१०।१९ | टेक बहादुर कार्की | स्वा. चौकी साङ्पाङको ज्यालादारी वापतको | १,१२,४५५ |
| २२०।०८१।१।१५ | विजय कुमार चौधरी | सडक मर्मत | ४३,९०६ |
| २२७।०८१।१।१७ | टेक बहादुर कार्की | ज्याला | ४४,१४९ |
| २९७।०८१।२।९ | तोषल दाहाल | फाली चौतारा भवन मर्मत | ९९,८९७ |
| ३२५।०८१।२।१६ | लुकराज खड्का | फेरी मर्मतको क्रममा काठमाण्डौ गई आवश्यक सामाग्री खरिद तथा व्यवस्थापन | ९५००० |
| ३३५।०८१।२।२१ | सुबास तामाङ | वडा नं ४ को वडा कार्यलय व्यवस्थापन | ९९,४३४ |
| ४४२।०८१।३।१८ | मिलन थापा | सत्तल ढाङगाँउ दिंला जाने सडक मर्मत | ८९,२८१ |
| ४५१।०८१।३।२१ | सन्तोष राई | सार्वजनिक सम्पतिको मर्मत खर्च | ९९,३७३ |
| जम्मा | | | १२२६०८६ |

| | |
|---|---|
| अनियमित भएको | १२,२६,०८६ |

४५ **अनुगमन भत्ता**

गाउँ तथा नगरसभाका सदस्यहरुको पाउने सुविधाको सम्वन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७५ को दफा ३ अनुसार गाउँनगरपालिकाका अध्यक्ष, उपाध्यक्ष, वडाध्यक्ष, कार्यनगरपालिका सदस्यले यसै ऐनको अनुसूची -१(क) मा तोकेबमोजिमको दरमा मासिक रुपमा अन्य सुबिधाको अतिरिक्त अनुगमन भत्ता पाउने व्यवस्था छ । साथै अनुगमन प्रतिवेदन तयार गरी पेश नगरी अनुगमन भत्ता भुक्तानी गर्न नहुने व्यवस्था गरेको छ । तोकिएको ऐन बमोजिम नगरपालिकाका पदाधिकारीहरुले अनुगमन प्रतिवेदनका आधारमा सुविधाको ब्यवस्थापन गर्नुपर्ने देखिन्छ ।

४६ **भ्रमण खर्च**

स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधा सम्बन्धी ऐन, २०७५ तथा भ्रमण खर्च नियमावली, २०६४ बमोजिम कार्यालयको काममा कर्मचारी तथा पदाधिकारीलाई भ्रमण खर्च रु २८०००००।भुक्तानी गर्दा देखिएका व्यहोराहरु देहाय बमोजिम छन् ।

· अधिकांश भ्रमणको उद्देश्य र स्पष्ट प्रयोजन कार्यालयकै कामका लागि भएको हो भनी सुनिश्चित हुने विश्वसनीय आधार नदेखिएको ।

· भ्रमण सम्वन्धित पालिकाका वडाहरुवाट पालिका केन्द्र तोकि भुक्तानि लिने गरेको ।

· पालिकासँग असम्बन्धित नगर/गाँउपालिका गएको जनाई सो वापतको खर्च भुक्तानी गर्ने गरेको ।

· स्पष्ट प्रयोजन बेगर कार्यालयको काम उल्लेख गरी वडा अध्यक्ष तथा सदस्य सहितका पदाधिकारीको ७ दिनको भ्रमण आदेश स्वीकृत गरी भुक्तानी गर्ने गरेको ।

· कतिपय भ्रमण आदेशहरुमा भ्रमण गर्ने स्थान नतोकिएको तथा कतिपय भ्रमण बीलका आधारमा समेत भुक्तानि गरेको देखिएको ।

· पालिकाभन्दा बाहिरका कर्मचारीहरुको भ्रमण आदेशमा पालिकाले भुक्तानि गर्ने स्पष्ट आधार उल्लेख नगरिएको साथै फोटोकपी भ्रमण आदेशका आधारमा भुक्तानि गरिएको ।

अतः स्पष्ट प्रयोजन र उद्देश्य बेगर अधिकांश ७ दिनको समयावधी राखी भ्रमण खर्च भुक्तानी गरेको अवस्थाबाट भ्रमण खर्च भुक्तानीमा दुरुपयोगको सम्भावना देखियो । त्यसैले तोकिएको कानुनी व्यवस्थाको पालना गर्दै भ्रमण खर्चमा हुन सक्ने अनियमितता र दुरुपयोग नियन्त्रण गर्न भ्रमण आदेश स्वीकृत गर्ने पदाधिकारीले ध्यान दिनुपर्दछ ।

४७ **विविध खर्च**

महालेखा नियन्त्रक कार्यालयद्धारा प्रकाशित एकिकृत आर्थिक संकेत तथा वर्गीकरण र व्याख्या 2074 अनुसार खर्च संकेत नं.22711 विविध खर्च शिर्षकबाट बार्षिक कार्यक्रममा स्वीकृत भएका मनोरञ्जन, प्रदर्शन, चियापान र भोजहरु सम्बन्धी खर्च, कार्यालय सुरक्षा सम्बन्धी आवश्यक खर्च, प्रतिनिधि मण्डलको स्वागत खर्च र अतिथि सत्कार खर्च र अन्य कुनै खर्च शिर्षकमा नपरेका नियमानुसार गर्नुपर्ने विविध खर्च भुक्तानी गर्ने व्यवस्था छ । त्यस कार्यालयको विविध खर्च शिर्षकमा रु.४३०००००।- बजेट व्यवस्था गरेकोमा रु.४३०००००। विनीयोजनको १०० प्रतिशत नै खर्च गरेको छ । खर्च संकेतको वर्गीकरणमा उल्लेख भए अनुसार स्वागत कार्यक्रमको चियापान, भोज सम्बन्धी, सुरक्षा, प्रतिनिधि मण्डलको स्वागत कार्य भएको पुष्टि हुने प्रमाण कागजात संलग्न नगरी होटल बिलमात्र पेश हुने गरेको छ । पेश भएका बिलबाट मात्र खर्च पुष्टि हुने देखिदैन । खर्चका प्रत्येक बिलमा के कुन कार्यक्रम वा समारोहमा खर्च भएको हो पुष्टि हुने उपस्थिति लगायतका प्रमाण पेश गर्नुपर्दछ । औचित्य पुष्टि नहुने खर्चलाई नियमित मान्न सकिदैन । प्रत्येक खर्चको औचित्य पुष्टि हुने प्रमाण कागजात पेश गरि यस्तो खर्चमा नियन्त्रण तथा मितव्ययिता ल्याउनुपर्दछ ।

४८ **मर्मत खर्च**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९६(१) सार्वजनिक निकायमा रहेको कुनै मालसामान मर्मत सम्भार गर्नुपर्ने भए सोको लिखित जानकारी त्यस्तो मालसामानको उपयोगकर्ताले सो निकायको प्रमुखलाई दिनु पर्नेछ । त्यसरी जानकारी प्राप्त भएपछि निजले नियम १३ को उपनियम(५) बमोजिम लागत अनुमान तयार गराई स्वीकृत गर्नु पर्नेछ । जिन्सी मालसामान हानी नोक्सानी नहुने गरी संरक्षण गर्ने र तिनीहरुको राम्रो सम्भार गर्ने वा चालु अवस्थामा राख्ने उत्तरदायित्व सम्वन्धित कार्यालय प्रमुखको हुने उल्लेख छ । सोही वमोजिम कार्यालयमा रहेको चल्ती जिन्सी मालसामान मर्मत गर्नुपर्ने भएमा कार्यालय प्रमुखबाट मर्मत आदेश स्वीकृत गराई मर्मत गराई खर्च लेख्ने र सोको मर्मत अभिलेख तयार गरी राख्नुपर्दछ ।

४९ **इन्धन खर्च**

कोशी प्रदेश सार्वजनिक खर्चको मापदण्ड तथा मितव्ययीता सम्बन्धी निर्देशिका २०७९ दफा ९ को उपदफा (क) र (ख) अनुसार ईन्धन सुविधा पाउने गरी मापदण्ड तयार गरेको छ ।पालिकाले यसवर्ष ईन्धनमा २२३००००। खर्च गरेको देखिन्छ। प्रचलित कानुन, आफ्नो आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधार र कार्यालयको कार्यबोझको आधार समेत एकिन गरी पदाधिकारी तथा कर्मचारीलाई सवारी साधनको लागी पाउने ईन्धन सुविधा सम्वन्धमा मापदण्ड, कार्यविधि बनाउनु पर्नेमा, बनाएको छैन । सवारी कार्यालयले इन्धन खपत गर्दा सवारी साधनको लगबुक राखी इन्धन खपतलाई नियन्त्रण गर्नुपर्दछ । कार्यालयले सवारी साधनको लगबुक राखी कर्मचारीहरुको इन्धन बिलको भुक्तानी दिने गरेको भएता पनि इन्धन खपतमा नियन्त्रणको अवस्था नदेखिएकोले मासिक रुपमा प्रत्येक कर्मचारीले के कति इन्धन खपत गर्न पाउने हो सो को मापदण्ड निर्धारण गरी सवारी लगबुकका आधारमा कर्मचारीलाई मासिक रुपमा इन्धन प्रदान गर्नुपर्ने देखिन्छ ।

५० **वैठक भत्ता**

गाउँ तथा नगरसभाका सदस्यहरुको पाउने सुविधाको सम्वन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७५ को दफा ३(२) अनुसार नगरपालिका प्रमुख, उप प्रमुख वडा अध्यक्ष र कार्यपालिका सदस्यले कार्यपालिका बैठक, समिति/उपसमिति वा वडा समितिको बैठकमा जतिसुकै पटक सहभागी भए पनि एक महिनामा तीन वटा बैठकको मात्र बैठक भत्ता र वडा समितिका सदस्यले जतिसुकै पटक वडा समिति वा कार्यपालिकासँग सम्बन्धित समितिको बैठकमा सहभागी भए पनि दुई वटा भन्दा बढी बैठक भत्ता नपाउने व्यवस्था रहेकोमा विषयगत समीतिको बैठकको भत्ता समेत लिने गरेको देखिएकोले यस तर्फ नियन्त्रण गरी खर्चमा मितब्ययिता कायम गर्नुपर्ने देखिन्छ । कर्मचारी

बैठक भत्ता सम्वन्धमा :पालिकाले यस वर्ष कर्मचारी बैठक भत्तामा बजेट निकासा तथा खर्च गरेको देखिएको तथा कार्यालयमा विद्युतीय हाजिरी मेसिनको ब्यवस्थापन तथा सञ्चालन गरेको नदेखिएकोले बैठकको समय एकीन गर्न सकिएन । कार्यालय समयमा हुने नियमित तथा कार्यक्रमगत बैठकमा भत्ता लिन नमिल्ने नीतिगत ब्यवस्था रहेको छ । तसर्थ आगामी आ व देखि विद्युतीय हाजिरी मार्फत कार्य सञ्चालन गर्नुपर्ने देखिन्छ ।

५१ **गत वर्षको भुक्तानी** (4-२०८०-६-१०):

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ को दफा ९.२(घ) मा बहुवर्षीय खरिद र विशेष परिस्थितिबाट सृजित दायित्वमध्ये आगामी वर्ष भुक्तानी गर्नुपर्ने बाँकी रकम समावेस गरेर बजेट बनाउने व्यवस्था छ।त्यस्तै आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम १३ अनुसार कोलेनिकाबाट प्रमाणित गराई राख्नुपर्ने व्यवस्था छ तर पालिकाको हकमा पालिकाले गतवर्षको भुक्तानी दिन बाँकीको खाता तथा कच्चावारी (म.ले.प.फा.नं. २२१) प्रमाणित तथा यस वर्षको बजेटमा समेत गरी गत वर्षको भुक्तानी दिन बाँकीको व्यवस्था गरेता पनि पालिकाले पदाधिकारी सुविधा तर्फ नपुग सुविधा भनि गत आ व को भुक्तानि बापत बैशाख देखि असार सम्मको रु ३०००००० गो भौ नं ४ मिति २०८०।०६।१० मा भुक्तानि लिएको देखिन्छ । बजेटमा स्थानिय तह पदाधिकारी सुविधा सम्वन्धि ऐन २०७५ बमोजिम बजेट ब्यवस्थापन भएकोमा सो बजेट अन्य उपशीर्षकमा रकमान्तर गरी खर्च गरेको देखिदा सुविधाको रकम नपुग भएको देखिएकोले अनियमित रु

| | |
|---|---|
| अनियमित भएको | ३०,००,००० |

५२ **पदाधिकारी सुविधा** (287-):

कोशी प्रदेशको गाँउ तथा नगर सभा सदस्यहरुको सुविधासम्वन्धि ऐन २०७५ को दफा ३ सँग सम्वन्धित अनुसुची -१ (ख) मा नगरपालिकाका पदाधिकारीहरुको सुविधासम्वन्धि ब्यवस्था गरेको छ ।सो ब्यवस्था बमोजिम सभा सदस्यहरुले मासिकरुपमा बढीमा २ वटा बैठकको प्रति बैठक रु १००० का दरले बैठक भत्ता पाउने ब्यवस्था रहेको छ ।वडा नं २ वडा सचिव तेजकुमारि नेपालले भर्पाई गराई जिल्ला समन्वय समीति सदस्य चन्द्र कुमार राईलाई १२ वटा बैठकको भौचर नं २८७ वाट रु १२००० भुक्तानि गरेको देखिएकोले असुल उपर गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | १२,००० |

५३ **संस्थागत विद्यालय**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को परिच्छेद ३ मा गाउँपालिका तथा नगरपालिकाको काम कर्तव्य र अधिकार अन्तर्गत सामुदायि, संस्थागत, गुठी र सहकारी विद्यालय स्थापना, अनुमति सञ्चालन, व्यवस्थापन तथा नियमन सम्बन्धि व्यवस्था गरेको छ । पालिकाबाट अनुमति लिइ सञ्चालनमा रहेका संस्थागत विद्यालयहरुको व्यवस्थापन र अनुगमन सम्बन्धमा मापदण्ड निर्धारण गरी सोहि बमोजिम अनुगमन गर्नु पर्नेमा गरेको देखिएन । निजी विद्यालयहरुले शुल्क निर्धारण तोकिए बमोजिम गरे नगरेको सम्बन्धमा अनुगमन गर्ने गरेको देखिएन । पालिकाले आफ्नो कार्य क्षेत्रभित्र सञ्चालित संस्थागत विधालयको नियमित अनुगमन सुपरीवेक्षण तथा नियमन गरी शैक्षिक गुणस्तर बृद्धिमा ध्यान दिनु पर्दछ

५४ **दिवा खाजा**

कार्यक्रम कार्यान्बयन पुस्तिका आ.ब .२०८०।०८१ अनुसार तोकिएको खास क्षेत्र तथा अति सिमान्तकृत लोपोन्मुख जातजातीका (लक्षीत समुहका) बालबालिकाहरु एबं जिल्लाका बिद्यार्थीको लागी दिबाखाजा उपलब्ध गराउन बिद्यालयहरुलाई अनुदान शिर्षकबाट बिद्यालयहरुको खातामा रकम निकाशा गर्ने ब्यबस्था छ । सो अन्तर्गत दिबा खाजा निकासा गर्दा नगरपालिकाले बिद्यार्थीको हाजिरीको आधारमा निकासा गर्नुपर्ने हुन्छ । प्रति बिद्यार्थी १५ रुपैयाको दरले खाजा रकम उपलब्ध गराएकोमा पालिकाले यसवर्ष सशर्त अनुदानबाट दिवा खाजा कार्यक्रममा रु.९०४७७५४।०० खर्च गरेको देखिन्छ । साथै वडा नं ६ ले आफ्नो वडाभित्रका विद्यालयहरुलाई संघीय सशर्त अनुदान रकम नपुग भएको कारण देखाई समानिकरण अनुदानबाट थप अनुदान बापत रु.२९८६९५ नर्सरी देखि ५ कक्षासम्म थप रु.५ र ६-९ सम्मका विद्यार्थिहरुका लागि रु.२० का दरले विद्यार्थी प्रोत्साहन कार्यक्रम मार्फत गो भौ नं ७४७ मिति २०८१।०३।१४ मा वडाभित्रका विद्यालयहरुका लागि अनुदान उपलब्ध गराएको छ । कार्यक्रम कार्यान्वयन पुस्तिका २०८०।८१

अनुसार नर्सरी देखि ५ कक्षा सम्मका बालबालिकाहरुलाई दिवा खाजा कार्यक्रम प्रति विद्यार्थी प्रति दिन रु.१५ का दरले १८० दिनको अनुदान संघीय सशर्तबाट उपलब्ध हुनेमा वडा नं. ६ ले बजेट विनियोजन गरी नर्सरी देखि ५ सम्मका विद्यार्थीहरुलाई प्रति विद्यार्थी रु.५ थप र कक्षा ६ देखि ९ सम्मका विद्यार्थीहरुलाई प्रति विद्यार्थी रु.२० का दरले वडाभित्रका विद्यालयहरुलाई रु.२९८६९५ भुक्तानी दिएको छ । पालिकाले संघीय ऐन नियमसँग बाँझिने गरी बजेट विनियोजन गरी खर्च गर्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ ।

५५ **पाठ्यपुस्तक वितरण**

कार्यक्रम कार्यान्वयन पुस्तिका,२०८०।८१ को कृयाकलाप नं २.८.३ को बुँदा नं क को १ मा स्थानीय तहले IEMIS मा प्रविष्ट तथ्याङ्कलाई स्थानीय तह अन्तरगत सञ्चालित सामुदायिक विद्यालयमा कक्षा १-१२ सम्मका विद्यालयहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन गराई सत्यापित विवरण शिक्षा अधिकृतबाट प्रमाणित गरी सोका आधारमा आवश्यक कक्षागत र विषयगत पाठ्यपुस्तकको सङ्ख्या यकिन गर्ने तथा विद्यालयलाई पाठ्यपुस्तक व्यवस्थाका लागि कक्षा ११-१२ का लागि आर्थिक वर्षको प्रथम त्रैमासिक तथा कक्षा १-१० का लागि तेस्रो त्रैमासिक भित्र अनुदान दिने व्यवस्था छ । साथै यसरी अनुदान दिँदा पहिलो पटकमा विद्यार्थी सङ्ख्याको ७५ प्रतिशत लाई मात्र अनुदान दिने तथा शैक्षिक सत्रमा भएको नयाँ विद्यालय भर्नाको विवरण, पाठ्यपुस्तक खरिद र वितरण गरेको विवरणका आधारमा यकिन गरी नपुग हुने रकम मात्र दोश्रो पटक अनुदान दिने व्यस्था छ । तसर्थ पालिकाले उपलब्ध गराएको पाठ्यपुस्तक वापतको अनुदान रकम बराबरको पाठ्यपुस्तक खरीद भर्ना भएको सम्पूर्ण विद्यार्थीहरुलाई पुग्ने गरी वितरण गरे नगरेको सम्बन्धमा पालिकाबाट प्रभावकारी अनुगमन गर्नुपर्छ ।

५६ **शैक्षिक गुणस्तर सुद्धीकरण एवं कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान**

कार्याक्रम कार्यान्वियन पुस्तिका २०८०।०८१ को कृयाकलाप नं २.७.१३.१३ को उपकृयाकलाप नं ९.५(च) मा स्थानीय तहले इन्टरनेटको पहुँच भएका तथा विधुतको नियमित आपूर्ति भएका विद्यालयहरुको विवरण तयार गरी उक्त विद्यालयबाट प्रस्ताव माग गरी कम्पयुटर ऐच्छिक विषयका रुपमा अध्यापन गराएका एवंम शिक्षकको ICT का माध्यमबाट शिक्षण गर्न सक्ने क्षमता र तत्परता खुल्ने विवरणसहितको प्रस्तावको मूल्याङकन गरी विद्यालयहरुको छनौट गर्ने व्यवस्था छ । साथै स्थानीय तहले विद्यालयहरुले उल्लेखित विषय क्षेत्र समेटी स्पेसिफिकेसन स्वीकृत गरी विद्यालयले सार्वजनिक खरिद ऐन र नियमावली तथा विद्यालय खरिद दिग्दर्शनअनुसारका प्रक्रियाहरु पूरा गरी सामग्री खरिद गर्न जोड दिनुपर्छ ।

५७ **परीक्षा सञ्चालन** (20-२०८१-१-२):

पालिकाले कक्षा ८ को परीक्षा सञ्चालनका लागि संघीय सशर्त अनुदान को नर्म्स अनसार पालिकास्तरीय कक्षा ८ को परीक्षा सञ्चालनका लागि प्रतिविद्यार्थी २७५ का दरले अनुदान आउने ब्यवस्था भएकोमा पालिकाले सोका अतिरिक्त पालिकाले परीक्षा ब्यवस्थापन तथा सञ्चालनका लागि थप बजेट ब्यवस्था गरेको देखिएकोले अनियमित रु

| | |
|---|---|
| अनियमित भएको | २,५०,००० |

५८ **विद्यालय अनुदान निकासाको अनुगमन**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११(२)मा सर्वमान्यतामा असर नपर्नेगरी पालिकाको काम कर्तव्य अधिकारको खण्ड (ज) (२१) मा सामुदायिक विद्यालयलाई दिने अनुदान तथा सो को बजेट व्यवस्थापन, विद्यालयको आयव्ययको लेखा, अनुशासन कायम र नियमन गर्नुपर्ने व्यवस्था छ । पालिकाले आफ्नो अन्तरगत क्षेत्रभित्रका विद्यालयहरुले विद्यालय लेखामान दिग्दर्शन बमोजिम नगदी तथा जिन्सीको लेखा राखे नराखेको, कट्टी गरेको कर , नागरिक लगानी कोष, कर्मचारी सञ्चयकोष सम्बन्धित खातामा दाखिला गरे नगरेको, र नेपाल सरकारको २०७५।३।३२ को निर्णय बमोजिम विद्यालयमा कार्यरत शिक्षक तथा कर्मचारी पारिश्रमिक सुविधा अनिवार्य रुपमा बैक खाता मार्फत भुक्तानी भए नभएको, विद्यालय सुधार योजना, सामाजिक परीक्षण र आर्थिक लेखापरीक्षण गरे नगरेको जस्ता विषयहरु समेतलाई ध्यान दिई विद्यालय अनुगमन मापदण्ड निर्धारण गरी विद्यालयको नियमन गरेको प्रतिवेदन देखिएन । उल्लेखित विषयहरुलाई समेत आधार लिई अनुगमन मापदण्ड तयार गरी नियमित अनुगमन गरिनुपर्दछ

५९ **पाठ्यपुस्तक वितरण**

कार्यक्रम कार्यान्वयन पुस्तिका,२०८०।८१ को कृयाकलाप नं २.८.३ को बुँदा नं क को १ मा स्थानीय तहले IEMIS मा प्रविष्ट तथ्याङ्कलाई स्थानीय तह अन्तरगत सञ्चालित सामुदायिक विद्यालयमा कक्षा १-१२ सम्मका विद्यालयहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन गराई सत्यापित विवरण शिक्षा अधिकृतबाट प्रमाणित गरी सोका आधारमा आवश्यक कक्षागत र विषयगत पाठ्यपुस्तकको सङ्ख्या यकिन गर्ने तथा विद्यालयलाई पाठ्यपुस्तक व्यवस्थाका लागि कक्षा ११-१२ का लागि आर्थिक वर्षको प्रथम त्रैमासिक तथा कक्षा १-१० का लागि तेस्रो त्रैमासिक भित्र अनुदान दिने व्यवस्था छ । साथै यसरी अनुदान दिँदा पहिलो पटकमा विद्यार्थी सङ्ख्याको ७५ प्रतिशत लाई मात्र अनुदान दिने तथा शैक्षिक सत्रमा भएको नयाँ विद्यालय भर्नाको विवरण, पाठ्यपुस्तक खरिद र वितरण गरेको विवरणका आधारमा यकिन गरी नपुग हुने रकम मात्र दोश्रो पटक अनुदान दिने व्यस्था छ । तसर्थ पालिकाले उपलब्ध गराएको पाठ्यपुस्तक वापतको अनुदान रकम बराबरको पाठ्यपुस्तक खरीद भर्ना भएको सम्पूर्ण विद्यार्थीहरुलाई पुग्ने गरी वितरण गरे नगरेको सम्बन्धमा पालिकाबाट प्रभावकारी अनुगमन गर्नुपर्छ ।

६० **नगरभित्रका सामुदायिक विद्यालयहरुको कम्प्युटर ल्यापटप र प्रिन्टर मर्मत**

यस वर्ष पालिकाले शिखरपुर टेक्निकल ईस्टच्युट मार्फत रु ४९५६७४ बराबरको नगरभित्रका सामुदायिक विद्यालयहरुको कम्प्युटर ल्यापटप र प्रिन्टर मर्मतमा खर्च गरेको देखिन्छ ।पालिकाभित्र सञ्चालित सम्पूर्ण विद्यालयका लागि सञ्चालित कार्यक्रमले सबैलाई समेट्न तथा मितब्ययि ढंगले कार्य सम्पन्न षर्न जटिलता हुने हुदा यस्ता कार्यक्रमहरु नियन्त्रण गर्नुपर्ने देखिन्छ ।

६१ **सहभागी भत्ता**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-२२** को निर्णयले रू **३२,९४०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

६२ **औषधि खरिद**

पालिकाकालाई आवश्यक पर्ने औषधि पालिकाबाट खरिद गर्नुपर्ने र तालुक निकायबाट प्राप्त हुने परिमाण यकिन गरी वार्षिक आवश्यकताको परिणाम विवरण तयार गरी पुल सिस्टमको आधारमा आपूर्ति व्यवस्थापन गर्नु पर्दछ । आपूर्ति हुने औषधी वा अन्य सामानमा उत्पादन मिति , म्याद सकिने मिति, ब्याच नं., उत्पादक कम्पनीको नाम र नि:शुल्क वितरणको लागि लगायतका सूचना उल्लेख रहेको हुनुपर्दछ । आपूर्ति भएका औषधिको म्याद सकिने मिति भण्डार दाखिला समयदेखि कम्तीमा १८ महिना बाँकी हुनुपर्ने तथा भण्डारमा दाखिला गर्दा समेत उल्लेखित सबै विवरण खुलाउनुपर्दछ । यसवर्ष पालिकाले १६००००० बजेट उप शिर्षकबाट देहायका फर्मसँग रु.१५८२००० को औषधि खरिद गरेको देखिन्छ।आपूर्ति हुने औषधी तथा औषधिजन्य सामाग्रीमा उल्लेखित सूचना पूर्ण रुपमा रहेको छैन भने औषधिको प्रयोग र मौज्दात समेत यकिन भएन । अत: पालिकाले औषधि खरिद, उपयोग र मौज्दातको अवस्था यकिन गरी औषधि खरिदलाई व्यवस्थित बनाउनुपर्दछ ।

६३ **न्यानो झोला कार्यक्रम**

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट जारी गरेको आर्थिक वर्ष २०७९।८० मा सशर्त अनुदान तर्फ स्थानीय तहबाट सञ्चालन गरिने कार्यक्रमहरुको मार्गदर्शनमा प्रसुतिका आधारमा अनुमान गरी न्यानो झोलाको लागि अस्पतालहरुले सार्वजनिक खरिद ऐन र नियमावली अनुसार तोकिएको स्पेशिफिकेशन अनुसार खरिद गरी सो अनुसार गुणस्तर भए नभएको आधिकारिक तहबाट गुणस्तर परीक्षण गर्नु पर्ने व्यवस्था छ । यस पालिका अन्तर्गतका ७ बर्थिङ सेन्टरमा गत वर्ष ४२ थान र यस वर्ष १११ थान को रु.९७८३५ खरिद गरेकोमा गत वर्ष १५३ जना र यस वर्ष ११५ जना गरी २६८ मात्र प्रसुति भएको अभिलेखबाट देखिन्छ । पालिकाको भण्डारमा खरिद गरिएका ३८ थान न्यानो झोला मौज्दातमा रहेका छन् । खरिद भएका त्यस्ता झोलाहरु तोकिएको स्पेशिफिकेशन अनुसार गुणस्तर भए नभएको आधिकारिक तहबाट परीक्षण गरेको देखिएन । तसर्थ माग र आवश्यकताको वस्तुनिष्ठ आङ्कलन गरी गुणस्तरीय झोला खरिद गर्नुपर्दछ । लामो समय भण्डारण गर्दा सोको गुणस्तरमा ह्रास आउने हुनाले त्यसतर्फ समेत पालिकाले ध्यान दिनुपर्दछ ।

६४ **कर्मचारी करार**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । गाउँपालिकाले मिति २०७६ फागुनमा सम्पन्न गाउँ सभा अधिवेशनबाट संगठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदन पारित गरी सोही बमोजिम कम्प्युटर अपरेटर, हलुका सवारी चालक, कार्यालय सहयोगी जस्ता पदहरुमात्र करार सेवामा व्यवस्थापन गरेको छ भने करार सेवामा प्राविधिक कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धि कार्यविधि, २०७४ बमोजिम इञ्जिनियर, कृषि अधिकृत, सब इञ्जिनियर जस्ता रिक्त प्राविधिक पदमा समेत कर्मचारीको व्यवस्थापन गरेको छ।तर गाउँपालिकाले विभिन्न पदमा कर्मचारीहरु करार तथा ज्यालादारीमा राखि रु २२०२००००। खर्च लेखेको छ ।

६५ **स्वास्थ्य सामग्री खरिद**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२७** को निर्णयले रू **४,४४७,२६१.९** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

६६ **मसलन्द तथा कार्यालय सामाग्री**

सार्वजिक खरीद ऐन २०६३ तथा नियमावलि २०६४ बमोजिमको खरीद गर्दा पालिकाले खरीद आवश्यकताको पहिचान गर्ने, तोकीएमोजिमको लागत अनुमान तयार गरी बार्षिक खरीद योजनाका आधारमा खरीद गर्नपर्ने देखिन्छ । यस्तो खरीद सार्वजनिक खर्चमा मितब्ययिता तथा प्रभावकारीता कायम गर्ने निर्देशिकाको पुर्ण परिपालना गरी हुनुपर्नेमा यस बर्ष पालिकाले रु ३९३९००० बराबरको मसलन्द तथा सामाग्री खरीद गरेको देखिन्छ भने कार्यक्रमगत रुपमा पनि स्टेशनरी खरीद गरेको देखिएकोले ब्यवस्थित खरीद ईकाईको गठन गरी खरीदको प्रभावकारी ब्यवस्थापन गर्नुपर्ने देखिन्छ ।

६७ **कर तथा शुल्क असुली**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।

| आय शीर्षक | अनुमान | असुली | असुली प्रतिशत |
|---|---|---|---|
| सम्पती कर | ३००००० | ३३७०८८ | ११२ |
| भुमिकर/मालपोत | ३०००००० | २४९३२१९ | ८३ |
| वहाल कर | ६००००० | २७७५९९ | ४६ |
| वहाल विटौरी कर | १३०००० | १४६८८५ | ११३ |
| सवारी साधन कर (साना सवारी) | १००००० | ०.०० | ० |
| व्यवसायले भुक्तानी गर्ने | ०.०० | २००० | ० |
| कृषितथा पशुजन्य वस्तुको व्यावसायिक कारोवारमा लाग्ने कर | ०.०० | ५०० | ० |
| अखेटोपहारमा लाग्ने कर | १००००० | १०५२० | ११ |
| अन्य कर | ०.०० | ९३०० | ० |
| अन्य संस्थागत आन्तरिक अनुदान | ०.०० | ० | ० |
| सरकारी सम्पत्तीको वहालबाट प्राप्त आय | १००००० | ९७००० | ९७ |
| अन्य बिक्रीबाट प्राप्त रकम | ०.०० | ४७५७९ | ० |
| अन्य सेवा शुल्क तथा बिक्री | ५०००००० | २०३९६६५ | ४१ |
| न्यायिक दस्तूर | २०००० | १०००० | ५० |
| शिक्षा क्षेत्रको आम्दानी | ०.०० | ५३०० | ० |
| परीक्षा शुल्क | २५०००० | ३००० | १ |
| अन्य प्रशासनिक सेवा शुल्क | ३००००० | १७११३० | ५७ |
| सिफारिश दस्तुर | २०००००० | ११९४९४७ | ६० |
| व्यक्तिगत घटना दर्ता दस्तुर | ८००००० | ४३३५९० | ५४ |
| नाता प्रमाणित दस्तुर | २००००० | १४३९४० | ७२ |
| अन्य दस्तुर | ७००००० | ६७२८१६ | ९६ |
| व्यावसाय रजिष्ट्रेशन दस्तुर | ५००००० | १६११०५ | ३२ |
| अन्य क्षेत्रको आय | ५००००० | १७९६०७० | ३५९ |
| प्रशासनिक दण्ड, जरिवाना र जफत | २००००० | २००००० | १०० |
| अन्य राजस्व | १००००००० | १४९५९८४४ | १५० |
| व्यवसाय कर | २००००० | २३९४८० | १२० |
| अनुदान फिर्ता | ०.०० | २२० | ० |
| जम्मा | २५०००००० | २५३६०८०२.४९ | १०३ |

पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन ।तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको

दायारामा ल्याउनु पर्दछ।

६८ **राजश्व वाँडफाड**

कोशी प्रदेश आर्थिक ऐन, २०८० को दफा ७ को उपदफा ४ अनुसार प्राकृतिक स्रोत संकलन तथा विक्री शुल्क र जरिवानाको संकलित रकम स्थानीय विभाज्य कोषमा जम्मा गरी चालिस प्रतिशत हुन आउने रकम प्रदेश संचित कोषमा दाखिला गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस बर्ष प्राकृतिक स्रोतको आय तथा रोयल्टी वापत रु.३५००००० संकलन भएको कार्यालयबाट विवरण प्राप्त भएको छ । भने प्राकृतिक स्रोतको आय तथा रोल्टी वापत रु.१५२७१५० असुल गर्न बाँकीको विवरण प्राप्त भएको छ । पालिकाले संकलित रकम रु.३५००००० को ४० प्रतिशतले हुने रकम रु.१४००००० र असुल गर्न बाँकी रकम असुल गरी ४० प्रतिशत हुने रकम रु.६१०८६० गरी जम्मा रु.२०१०६८६० बाँडफाँड गरी प्रदेश संचित कोष दाखिला गरेको प्रमाण पेश गर्नुपर्ने रु.

| **आय शीर्षक** | **संकलित रकम** | **असुल गर्न बाँकी रकम** | **प्रदेशलाई पठाउनु पर्ने रकम** | **पठाएको रकम** | **पठाउन बाँकी रकम** |
|---|---|---|---|---|---|
| अन्य प्राकृतिक स्रोतको आय तथा रोयल्टी(असुल गर्न बाँकी) | | १५२७१५० | ६१०८६० | ० | ६१०८६० |

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-२२** को निर्णयले रू **१,४००,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ६,१०,८६० |

६९ **आन्तरिक आय**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०८०।८१ मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।

| केन्द्रीय अनुदानबाट खर्च | आन्तरिक आय | आन्तरिक आय प्रतिशत |
|---|---|---|
| ५१४५०४००० | २५३६०८०२.४९ | ५ |

उपर्युक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा ५ प्रतिशत मात्र रहेको छ । त्यसैले पालिकाको आन्तरिक आय सङ्कलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

७० **व्यवसाय कर**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनुपर्ने व्यवस्था रहेको छ । यस वर्ष पालिकाले व्यवसाय दर्ता तथा नवीकरण शुल्क वापत रु.४१२५८५ कर सङ्कलन गरेकोमा पालिकाको क्षेत्रभित्र रहेका व्यवसायीहरुको अभिलेख अध्यावधिक गरेको छन् । जसबाट पालिकाले सङ्कलन गरेको व्यवसाय कर यथार्थ मन्न सक्ने अवस्था छ्रन । तसर्थ पालिकाले क्षेत्र भित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीको अद्यावधिक अभिलेख राखी करको दायराभित्र ल्याउनु पर्दछ ।

७१ **आय अनुमान**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रु.२५०००००० प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०८०।८१ मा रु.२,५३,६०,८०२.४९ अर्थात अनुमान भन्दा १ प्रतिशत बढी आय प्राप्त गरेको छ । आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन बृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ ।

**७२ प्राकृतिक स्रोत संकलन तथा विक्री**

कोशी प्रदेश आर्थिक ऐन, २०८० को दफा ७ को उपदफा ३ अनुसार गाउँपालिका वा नगरपालिकाले आफ्नो क्षेत्रभित्र ढुङ्गा गिट्टी ग्राभेल रोडा बालुवा चिप्स चुनढुङ्गा अभ्रख खरिढुङ्गा चट्टान स्लेट माटो बलौट भरौट र दहत्तर बहत्तरको संकलन गर्नु अधि प्रचलित कानुन बमोजिम वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृत गर्नुपर्ने व्यवस्था छ । पालिकाले तयार गरेको प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन २०७९ अनुसार यस पालिकाको क्षेत्रभित्र ६ वटा घाट वाट प्रतिदिन २४१.५६ घ.मि. र बार्षिक ७००५१.८० घ.मि. अर्थात २४७३८५८.३० क्यु.फिट प्राकृतिक स्रोत उत्खननन् तथा विक्री क्षमता रहेको देखिन्छ । पालिकाले मिति २०८०।५।११ मा नदीजन्य पदार्थ संकलन तथा विक्रीको लागि न्युनतम बकोल अंक रु.४४३११६८ मु.अ.कर बाहेक ठेक्का आह्वानको लागि प्रथम पटक सुचना प्रकाशन गरेकोमा कुनै पनि व्यक्ति तथा फर्म वा बोलपत्रदाता संलग्न नभएको कारण मिति २०८०।६।१७ पुन दोस्रो पटक सोहो अंक बराबर ठेक्का आह्वान भएकोमा ठेक्का लाग्न नसकी पुन तेस्रो पटक सोही अंकमा ठेक्का लगाउँदा पनि ठेक्का लाग्न नसकी आ.व. २०८०।८१ मा ढुङ्गा गिटी बालुवाको अमानतबाट नगर प्रहरीहरुले नगदी रसिद मार्फत राजस्व संकलन गरेको छ । अनुसुची ५ अनुसार ढुङ्गा गिट्टी रोडा ग्राभेल चट्टान आदीको प्रति क्यू.फिट रु.७ र बालुवा चिप्स आदीको प्रति क्यू.फिट रु.६ रहेकोमा यस आर्थिक बर्षमा पालिकाको प्राकृतिक स्रोतबाट राजस्व रु.१७३१७००८.१ संकलन गर्न सक्ने क्षमता देखिन्छ । यस आर्थिक बर्षमा प्राकृतिक स्रोतको ठेक्का नलाग्नाले पालिकालाई रु.१७३१७००८.१ बराबरको राजस्व कम संकलन भएको देखिन्छ । समयमा नै ठेक्का लगाई पालिकाको राजस्व वृद्धि गर्ने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

**७३ रसिद नियन्त्रण खाता**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन २०७६ को दफा ५१ मा ऐन वमोजिम राख्नुपर्ने प्रत्येक कारोवारको लेखा राख्नुपर्ने र आर्थिक कार्यविधि तथा बित्तिय उत्तरदायित्व नियमावली २०७७ मा कार्यालयको कामलाई व्यवस्थित एवं मितव्ययी गर्न आन्तरिक नियन्त्रण व्यवस्था मिलाउनुपर्ने उल्लेख छ । सो अनुसार नगद आम्दानी गर्ने कार्यालयले राजश्व असुल गर्न प्रयोग हुने मालपोत रसिद एवं नगदी रसिदको छपाई गरी रसिद नियन्त्रण खाता प्रविष्टि गरी सो बाट वुझेर लगेको अभिलेख राखि रसिद नियन्त्रणलाई व्यवस्थित गर्नु पर्दछ । नगदी रसिद खाता प्रमाणित गरी नराखेको र सामान्य टिपोटमा यो वर्ष विभिन्न वडा तथा व्यक्तिलाई रसिद वुझाएको उल्लेख गरेको छ। राजश्व असुलीमा प्रयोग हुने नगदी रसिदको नियन्त्रण खाता राखि प्रमाणित गर्ने व्यवस्था कार्यान्वियन गर्नुपर्दछ ।

**७४ असुली गर्न बाँकी आन्तरिक आय**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ९ मा वित्तीय अधिकार क्षेत्र अन्तर्गत विभिन्न कर तथा शुल्क लगाउने र आय ठेक्का बापत बक्यौता रकम समेत असुली गर्ने व्यवस्था छ । यस स्थानीय तहले यो वर्ष निर्माण कार्यमा ढुङ्गा गिट्टी बालुवा प्रयोग गरे वापत उठाउने आन्तरिक आय ३ निर्माण व्यवसायी र १ व्यक्तिबाट बाहल कर वापत गरी बाँकी रु.१५२७१५० असुल गर्न बाँकी रहेको देखिन्छ ।

| क्र.सं. | व्यक्ति फर्मको नाम | विवरण | सम्झौता रकम | दाखिला रकम | बाँकी रकम |
|---|---|---|---|---|---|
| १ | सुवास कठेल | घर वाहल | ६६७३४ | ६०००० | ६७३४ |
| २ | एस.ए.एस पुजा जे.भि. | निर्माण कार्यमा ढुङ्गा गिट्टी बालुवा प्रयोग गरे वापत | २०३७१४० | १४७७७५२ | ५५९३८८ |
| ३ | मा पोखरीया भिम जे.भि. | निर्माण कार्यमा ढुङ्गा गिट्टी बालुवा प्रयोग गरे वापत | ४३५२० | ० | ४३५२० |
| ४ | न्यु दिपशिखा जे.भि. | निर्माण कार्यमा ढुङ्गा गिट्टी बालुवा प्रयोग गरे वापत | ९१७५०८ | ० | ९१७५०८ |
| जम्मा | | | ३०६४९०२ | १५३७७५२ | १५२७१५० |

तर उठ्न बाँकी रहेको रकमको आयगत लगतका समेत तयार गरेको छैन । जसबाट उठ्नुपर्ने राजस्वको समष्टिगत लगत तयार गरी वास्तविक प्राप्तीको अभिलेख तयार गर्नुपर्ने र सोही अनुसार आयको लेखाङ्कन गरी उल्लिखित रकम सम्झौता अनुसारको व्याज तथा हर्जना समेत यकिन गरी असुल गर्नुपर्ने रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | १५,२७,१५० |

७५ **अमानतबाट राजस्व संकलन**

पालिकाले यस बर्ष छापिएका ५३४ नगदी रसिद मध्ये ३७७ वटा नगदी रसिद ४ जना नगर प्रहरीले प्रयोग गरी कुल रु.११६५५५३ राजस्व संकलन गरेको विवरण पेश भएको छ । कुल संकलित राजस्व प्राकृतिक स्रोत संकलन, फेरी संचालनमा लाग्ने शुल्क तथा अन्य निकासी वापत लाग्ने शुल्क समेत समावेश भएको देखिन्छ । यसरी एउटै नगदी रसिद नम्बरमा विभिन्न प्रकारको कर तथा शुल्क समावेश गरी राजस्व संकलन गरेकोले फेरी संचालन वतप कति रकम संकलन भए, प्राकृतिक स्रोतको संकलित तथा विक्रीबाट कति रकम संकलित भए र निकासी वापत कति रकम संकलित भए एकिन हुन सकिएन । तसर्थ संकलित राजस्व प्राकृतिक स्रोत संकलन तथा विक्री, फेरी संचालन तथा अन्य निकासीको एकिन नभएकोले पालिकाले प्रदेश सरकारलाई प्राकृतिक स्रोत संकलन तथा विक्रीबाट अति रकम बाँडफाँड गरी पाठाउनु पर्ने पालिकाबाट एकिन गर्नुपर्दछ ।

७६ **सामाजिक सुरक्षा कार्यक्रम**

सामाजिक सुरक्षा कार्यक्रम संचालन तर्फ १४ वटा वडाका लागि लाभग्राहिको खातामा भत्ता रकम जम्मा गर्न राष्ट्रिय बाणिज्य बैक र एन.आई.सि एसिया वैंकलाई चार त्रैमासिकको जम्मा रु.१४४८०२१०५ निकासा भई लेखापरीक्षणको अवधिसम्म जम्मा खर्च रु.१४४८०२१०५ वितरण भएकोमा देखिएका व्यहोरा निम्न छन्:

७६.१ लगत कट्टा - सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि ,२०७७ को दफा ११ अनुसार कुनै लाभग्राहीको मृत्यु भएमा,एकल महिला लाभग्राहीले विवाह गरेमा, वा ऐन, नियमावली तथा कार्यविधि बमोजिम लगत कट्टा हुनुपर्ने लाभग्राहीको हकवाला वा प्रचलित कानुन बमोजिमका सुचकले सम्बन्धित स्थानीय तहको वडा कार्यालयमा त्यस्तो घटना भएको ३५ दिनभित्र घटना दर्ता गराउनु पर्दछ । यसरी घटना दर्ता गर्दा लाभग्राही विवरण समेत अद्यावधिक गरी लगत कट्टा गर्नु पर्दछ । कुनै लाभग्राहीका प्रचलित कानुन बमोजिमका सुचकले घटना दर्ता नगराएको अवस्थामा पनि स्थानीय तहका वडा अध्यक्ष, वडा सदस्य वा वडा सचिव वा कार्यरत कर्मचारीले घटना भएको जानकारी कुनै स्रोतबाट पाएमा आवश्यक सत्य तथ्य बुझी वडा कार्यालयले लाभग्राहीको लगत कट्टा गर्नुपर्नेछ । यसरी लगत कट्टा गर्दा स्थानीय तहलाई जानकारी गराई लगत अद्यावधिक गर्नुपर्ने व्यवस्था गरिएको छ । तर पालिकाले समयमा नै सबै लाभग्राहीहरुको लगत कट्टा गरी तथ्याङ्क अध्यावधिक गरेको देखिएन । अत गाउँपालिकाले समयमा नै लगत कट्टा गरी सामाजिक सुरक्षा भत्ता वितरण प्रभावकारी बनाउनु पर्दछ ।

७६.२ पारदर्शीता कायम - सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि ,२०७७ दफा ३२ मा स्थानीय तहको कार्यालयले लाभग्राहीको नाम दर्ता तथा नविकरण प्रकृया, भत्ताको दर, प्राप्त हुने बैक, लाभग्राहीले पुरा गर्नुपर्ने प्रकृया जस्ता भत्ता सम्बन्धी जानकारी स्थानीय सामाजिक संघसंस्था, गैरसरकारी संस्था, सामाजिक परिचालनमा संलग्न संस्था समेतको सहयोग लिएर अनिवार्य रुपमा प्रचार प्रसार गर्नुपर्नेछ र त्यस्ता विषय सम्बन्धी सुचना स्थानीय एफ.एम लगायतका संचार माध्यमहरुबाट प्रचार प्रसार गर्ने व्यवस्था मिलाउनु पर्ने व्यवस्था छ । स्थानीय तहले भुक्तानी गरेको रकम र बुझि लिने व्यक्तिको नामावली स्थानीय तहका कार्यालयका अतिरिक्त सम्बन्धित वडा कार्यालयमा समेत सार्वजनिक गर्नुपर्ने व्यवस्था छ । भत्ता प्राप्त गर्ने लाभग्राहीको नाम नामावली सम्बन्धित स्थानीय तहको वेभसाइटमा राख्ने व्यवस्था मिलाउनु पर्ने व्यवस्था छ । तर गाउँपालिकाले भत्ता प्राप्त गर्ने लाभग्राहीको नाम नामावली सम्बन्धित स्थानीय तहको वेभसाइटमा राखेर सामाजिक सुरक्षा भत्तामा पारदर्शीता कायम गरेको देखिएन । अतः यस सम्बन्धमा कार्यविधिको प्रावधान अवलम्बन गरी सामाजिक सुरक्षा भत्ता वितरण कार्य पारदर्शी बनाउनुपर्दछ ।

७६.३ अनुगमन तथा निरीक्षण - सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि, २०७७ को दफा २७ मा गाउँ कार्यपालिकाका अध्यक्ष वा नगर कार्यपालिकाका प्रमुखले वा स्थानीय तहका प्रमुख प्रशासकीय अधिकृतले भत्ता वितरण कार्य प्रक्रियाको निरीक्षण तथा अनुगमन

गर्नुपर्ने व्यवस्था छ । तर गाउँपालिकाले कार्यविधिमा व्यवस्था भए बमोजिम निरिक्षण तथा अनुगमन गरी समयमा नै लाभग्राहीको खातामा रकम जम्मा गर्न लगाई फिर्ता गर्नुपर्ने रकम समयमा नै फिर्ता गर्नुपर्नेमा सो गरेको पाइएन । यसले गर्दा लाभग्राहीको खातामा लामो समयमम अतः यस्तो कार्यमा सुधार गर्नुपर्ने देखिन्छ ।

७७ **आन्तरिक लेखापरीक्षणबाट औल्याएका व्यहोरा**

स्थानीय तह सञ्चालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिताको आधारमा प्रत्येक त्रैमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ । पालिकाले यस वर्षको आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराएको भए तापनि कानुनमा तोकिए बमोजिम आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराई आन्तरिक लेखापरीक्षणबाट औल्याएका व्यहोर समयमा नै फर्स्यौट गराई अन्तिम लेखापरीक्षण समक्ष पेश गर्ने तर्फ ध्यान दिनुपर्दछ ।

| दफा नं. | लेखापरीक्षणबाट देखिएका व्यहोराहरु | रकम |
|---|---|---|

1. आन्तरिक नियन्त्रण प्रणाली: स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्ने व्यवस्था छ यस कार्यलयले मिति २०८१/०३/०८ मा स्थानीय राजपत्रमा सूचना प्रकासन गरी षडानन्द नगरपालिकाको आन्तरिक नियन्त्रण प्रणाली निर्देशिका २०८१ जारि गरेको छ आन्तरिक नियन्त्रण प्रणाली लागु नहुदा यस सम्बन्धमा देखिएका अन्य व्यहोरा तपसिल अनुसार रहेका छन् ।

· नगरपालिकाले आफ्नो क्षेत्र भित्रको व्यावसाय, सवारी, मनोरञ्जन, जस्ता व्यावसायहरुको अभिलेख राखे र करहरु उठाउने नगरेको ।
· आन्तरिक लेखापरीक्षण शाखा गठन भएपनि व्यावस्थित वनाउन ध्यान नदिएको तथा आन्तरिक लेखापरीक्षण गर्ने कार्यलाई नियमित गर्नु पर्नेमा सो गर्न कार्यलयले चासो नदिएको ।
· योजनाको संख्या अत्याधिक रुपमा सञ्चालन गर्ने गरेको अनुगमन प्रभावकारी हुन नसकेको ।
· सार्वजनिक खरिद नियमावलि २०६४ को नियम ९७ (७) अनुसार खर्चको सुचना सार्वजनिक स्थानमा टाँस तथा सामाजिक परीक्षण हुने नगरेको ।
· सार्वजनिक खरिद योजना बनाउई लागु गर्नुपर्ने ।
· भ्रमण आदेशमा एकरुपता नभएको साथै भ्रमण प्रतिवेदन राखे नगरेको ।
· आयोजनाको नापजाँच र फरफराक नगरसभाले गर्ने नगरेको ।
· योजना सम्झौता, टिप्पणि र सम्पन्न योजनामा मिति खुल्ने नगरेको र कार्यदिश समेत नदिई कार्य गराउने गरेको ।
· उपभोक्ता समितिबाट गरेको कार्यमा प्यान तथा भ्याट विल प्रयोग नगरी इष्टिमेट र ठाडो भरपाईका आधारमा भुक्तानि गर्ने गरेको ।
· पेश्कीका विस्तृत विवरण नखुलाई पेश्की दिने गरेको साथै पेश्की फछ्र्यौट समयमानै गर्नुपर्नेमा नगरेको
· आम्दानि रसिद नियन्त्रण खाताको प्रयोग नभएको ले रसिद प्रयोगमा अनियमितता हुन सक्ने सम्भावना देखिएको ।
· नगरपालिबाट सञ्चालित सबै कार्यक्रमको नियमित अनुगमन मूल्याङकन गरि सोको प्रतिवेदन तयार गर्ने नगरेको ।
· नगरपालिकाले खरिद गरेका तथा अनुदानमा प्राप्त गरेका सवारीसधनहरु कार्यविधि नवनाई सञ्चालन गरेकोले आगामि दिनमा कार्यविधि बनाइ व्यवस्थित गर्नुपर्ने ।
· महालेखा परिक्षकको वार्षिक लेखापरिक्षण प्रतिवेदनले औल्याएका सुझावहरुको पुर्ण रुपमा कार्यान्वयन हुन नसकेको ।
· जिन्सी सामानहरुको व्यवस्थित अभिलेख राखि नियमित निरिक्षण गर्नुपर्ने ।
· सभावाट पारित योजना तथा कार्यक्रमहरु पटक पटक संशोधन तथा रकमान्तर गर्ने गरेको

2. कार्यक्रम परिमार्जनः स्थानिय सरकार सञ्चालन ऐन २०७४ को दफा ७३(७) मा कार्यपालिकाले सभाबाट सीमा र शीर्षक बाहिर गई बजेट खर्च गर्न पाउने छैन भन्ने व्यवस्था छ त्यस्तै आर्थिक कार्यविधि तथ वित्तीय उत्तरदायित्त्व नियमावली २०७७ को नियम ३३ (१) मा स्वीकृत बजेट तथा कार्यक्रम अन्तरगतको कुनै कार्यक्रम कार्यान्वियन गर्ने नसकिने भएमा वा स्वीकृत कार्यक्रम भित्रको अन्य कुनै क्रियाकलापमा खर्च गर्नुपर्ने अवस्था भएमा त्यस्तो कार्य सम्पन्न गर्न नसक्नुका कारण तथा नयाँ कार्यक्रम सञ्चालन गर्नुपर्ने आधार उल्लेख गरी कार्यक्रम संसोधनका लागी तालुक निकायमा लेखि पठाउदा आबधिक योजना तथा कार्यक्रमको उदेश्य लक्ष्य र स्विकृत बजेट अनुकुल हुनेगरी पठाउनुपर्ने तथा लेखा उत्तरदायी अधिकृतले विनियोजन ऐनको परिधिभित्र रहि आवश्यकता तथा औचित्य समेतको आधारमा कार्यक्रम संसोधन गरी बजेट सुचना प्रणालीमा अद्यावधिक गर्न लगाउनुपर्ने व्यवस्था छ ।

यस कार्यालयले आर्थिक वर्ष २०८०/८१ मा

| क्र.स. | रकमान्तर अनुमोदन गरेको मिति | संख्या | स्वीकृत भएको योजना तथा कार्यक्रमको रकम | रकमान्तर भएको नयाँ योजना तथा कार्यक्रमको रकम |
|---|---|---|---|---|
| १ | २०८०।११।२१ | ७८ | ३९३८११५३ | २१७२६८०९ |
| २ | २०८१।०३।०९ | ६५ | २०२६९७४००.४२ | १३८०८६३४ |
| जम्मा | | १४३ | ५९६५०५५३.४२ | ३५५३५४४३ |

नगरसभाले पटक पटक गरी १४३ बटा योजना वाट रु ३५५३५४४३ रकमको योजना तथा कार्यक्रम परिषदको बैठकबाट संसोधन गरी स्वीकृत गरेको छ । बजेट विनियोजन गर्दा यथार्थ हुनेगरी बिनियोजन ऐनमा समावेश गरी ऐनको परिधिभित्र रहि खर्च गर्नुपर्नेमा आर्थिक वर्षको विचमा योजना संसोधन गरी कार्यान्वियन गर्नु उपयुक्त देखिएन ।

3. सार्वजनिक जग्गा तथा सम्पतिको संरक्षणः स्थानीय सरकार सन्चालन ऐनको दफा ९७ मा नगरपालिकाले आफ्नो क्षेत्रभित्रको सरकारी, सामुदायिक तथा सार्वजनिक सम्पत्ति अन्य सजनिक सम्पति प्रयोग स्थल, जग्गा वा अन्य संरचनाको अध्यावधिक अभिलेख राखी त्यस्ता

सम्पत्तिको रेखदेख, मर्मत सम्भार तथा अन्य प्रबन्ध गर्नुपर्ने व्यवस्था छ नगरपालिकाले त्यस्ता सम्पत्तिको अभिलेख राखेको देखिएन । सार्वजनिक जग्गाको अध्यावधिक अभिलेख राखी अनुगमन नभएको कारण समेतबाट यस्ता सार्वजनिक तथा सामुदायिक सम्पत्ति बेचविखन गर्न वा अरु कुनै व्यहोराले हक हस्तान्तरण या लिजमा दिए नदिएको सम्बन्धमा एकिन हुन सकेन कानुन बमोजिम सार्वजनिक जग्गा तथा सम्पत्तिको संरक्षण गरीनु पर्दछ ।

4. जग्गा उपयोगको मापदण्डः स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २७ बमोजिम स्थानीय तहले भू-जोखिम सम्वेदनशीलताका आधारमा जग्गाको उपयोग सम्बन्धी मापदण्ड तोक्नुपर्ने र त्यस्तो मापदण्डको अधिनमा रही तोकेको क्षेत्रमा मात्र भवन निर्माण गर्न स्वीकृति दिन सक्ने व्यवस्था छ । यस नगरपालिकाले जग्गाको उपयोग सम्बन्धी मापदण्ड बनाई लागू गरेको देखिएन । त्यस्तै स्थानीय तहले आफ्नो सवै क्षेत्र वा कुनै क्षेत्र तोकी त्यस्तो क्षेत्रमा वन्ने भवनहरुको लागि जग्गा तथा भवनको प्रकृति, समान ढाँचाको नमूना नक्सा तयार गर्न र सेवाग्राहीको लागि आफ्ना प्राविधिक कर्मचारीबाट नक्सा तयार गराई निःशुल्क उपलब्ध गराउने व्यवस्था रहेकोमा कार्यान्वियन भएको देखिएन । जग्गाको उपयोग सम्बन्धी मापदण्ड तोकी जग्गा तथा भवनको प्रकृतिवमोजिम नक्सा तयार तथा स्वीकृतिको व्यवस्था अपनाउनु पर्दछ ।

5. राष्ट्रिय भवन संहिताः स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४३ वमोजिम भवनको नक्सा पास गर्दा नेपाल सरकारले निर्धारण गरे अनुसारको राष्ट्रिय भवन संहिताको पालना गर्नुपर्ने व्यवस्था छ त्यस्तै नगरपालिकाले राष्ट्रिय भवन संहिताको अधिनमा रही थप मापदण्ड समेत बनाई लागू गर्न सक्ने व्यवस्था छ। भवनसंहिता पालनालाई पालिकाले कार्यान्वयनमा ल्याएको छैन । भवन संहिता कार्यान्वयन गर्ने पालिकामा साधन र स्रोत नरहेको, सम्बन्धित मन्त्रालयले संहिता लागू गर्ने सक्रियता नदेखाएको, मापदण्ड विपरीत भवन निर्माण भएको, नक्सा पास नगरी भवन निर्माण गरेको, सर्वसाधारण जनताले सहिता पालना गर्नुभन्दा जरिवाना तिर्न सहज मानेको अवस्था छ। निर्धारित भवन संहीता लागू गरी भवनको नक्सा पास गर्दा भवन संहिताको पालना गर्नुपर्दछ ।

6. बार्षिक प्रतिवेदन तथा सुचनाहरु प्रकाशनः सूचनाको हकसम्वन्धी ऐन, २०६४ मा सार्वजनिक निकायले आफ्नो निकायसँग सम्बन्धित विभिन्न सूचनाहरु प्रकाशन गर्नुपर्नेका साथै सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ मा सरकारी निकायले आफूले एक आर्थिक वर्षभरी सञ्चालन गरेका कार्यक्रम, सम्पादन गरेका काम र प्रगति तथा लागत लगायतका विषयहरु समावेश गरी वार्षिक प्रतिवेदन तयार गर्नुपर्ने प्रावधान रहेकोछ । गाउँपालिकाले आ.व. २०७९/८० मा वर्षभरी सञ्चालन गरेका कार्यक्रम, सम्पादन गरेका काम र प्रगति तथा लागत लगायतका विषयहरु समावेश गरी वार्षिक प्रतिवेदनमा गरेका कार्यहरु समेटेर वार्षिक प्रतिवेदन तयार गरी प्रकाशन गरेको तथा देहाय विषय समेत आफ्नो वेभसाइडमा अपलोड गरेको देखिएन । सूचनाको हकसम्बन्धी ऐन, २०६४ र सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ भएका व्यवस्था पालना हुनुपर्दछ ।

| विवरण | प्रकासित अवस्था | कानुनी व्यवस्था |
|---|---|---|
| नगरपालिकाले बार्षिक योजना तथा वजेट तर्जुमा पूर्व स्थानिय तहको भौगोलिक, सामाजिक, आर्थिक तथा पूर्वाधारलगायतका क्षेत्रको यथार्थ स्थिति देखिने गरी वस्तुगत विवरण profile तयार वा अद्यावधिक गरी बेभसाईड मार्फत सार्वजनिक गरेको | Profile नगरेको तयार | स्थानीय तहको वार्षिक योजना तथा वजेट तर्जुमा दिग्दर्शन, २०७४ बुदा ८ |
| नगरपालिकाले वर्षभरी सम्पादन गरेको, कार्यको वार्षिक प्रतिवेदन तयार गरेको | नगरेको | सरकारी निकायको वेभसाइड निर्माण तथा व्यवस्थापन निर्देशिकाका २०६८ को बुदा ५ |
| पालिकाले आफ्नो आय व्ययको बिबरण प्रत्येक महिनाको ७ गतेभित्र सार्वजनिक गर्नुपर्ने ब्यबस्था | नगरेको | स्थानिय सरकार सञ्चालन ऐन २०७४ को दफा ७६ को उपदफा ४ |
| खरिद सम्झौताको विवरण सहितको सुचना आम्सिक रुपमा सम्झौता भएको ३ दिन भित्र सार्वजनिक खरिद अनुगमन कार्यालयको विद्युतिय प्रणालीमा राख्नुपर्ने | आंशिक रुपमा राख्ने गरेको | सार्वजनिक खरिद नियमावली २०६४ को नियम १३७ |
| बजेट कार्यान्वयनको बार्षिक समिक्षा गरी तत्सम्बन्धि विवरण प्रत्येक बर्ष कार्तिक मसानत भित्र सार्वजनिक गर्नुपर्ने | | अन्तर सरकारी वित्त व्यवस्थापन ऐन २०७४ को दफा १८ |

7. बिज्ञापन करः प्रदेश आर्थिक ऐन २०८० को दफा दफा १० मा प्रदेश भित्र राखिने होडिङबोर्ड, साइनबोर्ड, ब्यानर, ट्राइभिजन बोर्ड, ग्लो बोर्ड,

| | | |
|---|---|---|
| | डिजिटल बोर्ड, स्टल, धातुको प्रेम वा कुनै स्थानमा लगाउने लेखे वा विद्युतिय तरंग प्रयोग गरिएको प्रचार सामाग्री गरिएको बिज्ञापनमा स्थानीय तहले निर्धारण गरे बमोजिम हुने र पालिकाले नियमन तथा संकलन गरी चालिस प्रतिशत प्रदेश सचित कोषमा दाखिला गनुपर्ने व्यवस्था छ । यस आ.व. २०८०/८१ मा पालिकाले उक्त कर सकलन गरेको नदेखिएको । | |
| 8. | मनोरञ्जन करः प्रदेश आर्थिक ऐन २०७७ को दफा दफा ५ मा प्रदेश भित्र सञ्चालित सांस्कृतिक प्रदर्शन हल, हाटबजार र मेला जस्ता मनोरञ्जन स्थलमा मनोरञ्जन कर तोकीएको अबस्थामा सोहि बमोजिम र अन्यमा प्रवेश टिकटको मुल्यमा मनोरञ्जन कर लगाइने र मनोरञ्जन स्थल धनिले उठेको महिना भन्दा पछि महिनाको २५ सम्बन्धित स्थानीय तहमा जम्मा गर्नुपर्ने र पालिकाले नियमन गरी संकलित करको चालिस प्रतिशत प्रदेश सञ्चित कोषमा दाखिला गनुपर्ने व्यवस्था छ। आर्थिक वर्ष २०८०/८१ मा पालिकाले मनोरञ्जन कर संकलन गरेको नपाइएकोले आफ्नो क्षेत्रभित्रबाट उठ्नुपर्ने मनोरञ्जन कर एकिन गरी असुल गर्नुपर्दछ । | |
| 9. | सामुदायिक बनबाट आयः स्थानीय सरकार सञ्चालन ऐन २०७४ को बुदा ६२ ख (१) मा सामुदायिक वन उपभोक्ता समितिले वन पैदावार विक्रि बापत प्राप्त हुने रकमको १० प्रतिशत रकम सम्बन्धित स्थानीय तहको सञ्चित कोषमा जम्मा गर्नुपर्ने व्यबस्था छ। नगरपालिकाले आफ्नो कार्यक्षेत्रभित्र रहेका सामुदायिक वनको विवरण लिई वन पैदावर विक्री गरेको आधारमा कानून बमोजिक पाउने रकम असुल गरेको देखिएन । ऐनको उल्लेखित व्यवस्था वमोजिम सामुदायिक वनको विवरण लिई वन पैदावार विक्रि वापत प्राप्त हुने रकमको १० प्रतिशत रकम असुल हुनुपर्दछ । | |
| 10. | रसिद नियन्त्रणः नगदी रसिद जारी हुनेमा सो को अभिलेख र नियन्त्रण गर्न, आन्तरीक आम्दानी प्राप्त भएवापत दिईने तथा काटीने रसिदलाई समुचित नियन्त्रण गरी अनियमितता हुन नदिन स्विकृत मलेप फा नं ९०४ रसिद नियन्त्रण खाताको प्रयोग गर्नुपर्ने व्यवस्था छ । कार्यालयले यस आर्थिक वर्ष २०८०/८१ मा निम्नानुसार रसिद छपाई गरी दाखिला, खर्च तथा मौज्दातको विवरण पेश गरेको छ ।<br><table><tr><td>विवरण</td><td>मालपोत</td><td>नगदी</td><td>घरधुरी</td><td>फोहोर व्यवस्थापन</td></tr><tr><td>छपाई तथा दाखिला</td><td>२४०</td><td>५३४</td><td>१३४</td><td>१४</td></tr><tr><td>खर्च देखिएका रसिदहरु</td><td>२२८</td><td>५१२</td><td>१३०</td><td>११</td></tr><tr><td>स्टोरमा बाँकी</td><td>१२</td><td>२२</td><td>४</td><td>३</td></tr></table> | |
| 11. | उपभोक्ता समिति दर्ताः सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा उपभोक्ता समितिवाट कार्य गराउने व्यवस्था छ । संस्था दर्ता ऐन २०३४ को दफा ३ मा कुनैपनि संस्था विधानसहित दर्ता नभएमा कानूनी मान्यता दिन मिल्ने देखिदैन । नगरपालिकाले यो बर्ष विभिन्न उपभोक्ता समितिसँग सम्झौता गरी कार्य गराई भुक्तानी गरेकोमा यसरी कार्य गर्न गठन भएका उपभोक्ता समिति ऐनको उक्त व्यवस्थाअनुसार दर्ता भएको पाइएन । त्यस्ता समितिहरु स्थानीय स्तरमा सञ्चालित आयोजनाको निर्माण गर्न अस्थायी रुपमा गठन हुने र कार्य सम्पन्न पश्चात् समिति विघटन हुने हुँदा निर्माण कार्य सम्पन्न भएका आयोजना सञ्चालन तथा मर्मत सम्भारमा ती समितिलाई जिम्मेवार बनाउन कठिनाइ हुने र त्यस्ता समितिहरुले आयव्ययको लेखापरीक्षणसमेत नगराउने भएकोले स्थायी संयन्त्रमार्फत् काम गर्ने, गराउने गरी सुधार हुनुपर्दछ । | |
| 12. | पदाधिकारी यातायात सुविधा: कोशि प्रदेशलको गाँउ तथा नगर सभा सदस्यहरुको सुविधा सम्वन्धी ऐन २०७५ को दफा ७ उपदफा (२) नगरपालिकाको उपप्रमुख तथा गाउँपालिकाको अध्यक्ष र उपाध्यक्षको हकमा सम्बन्धीत स्थानीय तहको आवश्यकता आन्तरीक राजश्वको परीचालनको अवस्था समेतलाइ ध्यान दिइ सम्बन्धीत कार्यपालिकाको निर्णय बमोजिम एक एक वटा हलुका सवारि साधन उपलब्ध गराउन सक्नेछ र त्यसरी सवारी साधन उपलब्ध गराउन नसकेमा त्यस्ता पदाधिकारीले यस ऐन बमोजिम यातायात खर्च पाउने व्यवस्था छ । दफा (३) उपदफा (१) र (२) वमोजिम सवारी साधन प्राप्त गर्ने सदस्यलाई अन्य यातायात सुविधा दिइने छैन । (४) सवारी साधनको निम्ति सभाबाट स्वीकृत भएको बजेटभित्र रही कार्यपालिकाले निर्णय गरेबमोजिमको मासिक रुपमा तोकिएको सवारी इन्धन तथा मोविल कार्यपालिकावाट उपलब्ध हुनेछ । भन्ने व्यवस्थारहेकोमा यस कार्यालयले जनप्रतिनिधिहरुलाई उपलव्ध गराएको सेवा सुविधाको वास्तविक विवरण तयार नगरेको तथा सवारी सञ्चालन लगवुक, इन्धन प्रयोग लगवुग जस्ता विवरणहरु स्पस्ट बुझिने गरी मलेप फारम अनुसार राखु पर्नेमा सो स्पष्ट नराखेको देखिन्छ । यस कार्यालयले जनप्रतिनिधिको सुविधा सम्वन्धी खर्चको अभिलेख स्पष्ट सग नराखेकोले दोहोरो सुसविधा एकिन गर्न नसकिएको । | |
| 13. | आन्तरिक लेखापरीक्षणका सुझावहरु<br>· स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ७८ बमोजिम स्थानीय तहले आफ्नो कार्यलबाट सम्पादन गरिने कार्य मितव्ययी प्रभावकारी, नियमित र दक्षतापूर्ण ढंगवाट साम्पादन गर्न र वित्तिय प्रतिवेदन प्रणालीलाई विश्वसनिय बनाउन तथा प्रचलित कानुन बमोजिम कार्य सम्पादन गर्न कर्मचारीको कार्यविवरण अनुसार कार्यसम्पादन सम्झौता गरी सो अनुसारको कार्य गर्नु पर्दछ ।<br>· स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ मा भएको व्यवस्था वमोजिम स्थानीय तहले निर्माण गरेका कानुन स्थानीय राजपत्रमा प्रकासन गरि कार्यान्वयन गर्नुपर्ने भन्ने व्यवस्था छ यस पालिकाले कतिपए महत्वपुर्ण ऐन, नियम तथा नियमावलीहरु स्थानीय राजपत्रमा प्रकासन नगरी आफ्नो web site मा प्रकासन गरी कार्यान्वयनमा ल्यायको देखिन्छ त्यस्ता कानुन लाई अभिलम्व राजपत्रमा प्रकासन गर्नु पर्दछ । | |

· नगरपालिकाले आफ्नो क्षेत्र भित्रको व्यावसाय, सवारीसाधन, मनोरञ्जन, जस्ता व्यावसायहरुको अभिलेख राखे र करहरु उठाउने नगरेको त्यस्तौ सामुदायिक वनबाट प्राप्त हुने स्थानीय सरकार सञ्चालन ऐनमा व्यवस्था भए बोजिमको कर संकलन गरेको तथा सामुदायिक वनको विवरण राखेको पाईएन । कर राज्य सञ्चालनको महत्वपुर्ण आर्थिक पक्ष भएकोले स्थानीयतहको आर्थिक सामाजिक तथा भौतिक पुर्वधार विकासका निमित्त यस्ता क्षेत्रबाट प्राप्त हुने कर (राजश्च) संकलनमा कार्यालयले ध्यान दिनु पर्दछ ।

· आन्तरिक नियन्त्रण प्रणालिको महत्वपुर्ण पक्ष मानिने आन्तरिक लेखापरीक्षण शाखा गठन भएपनी व्यावस्थित र प्रभावकारी वनाउन कार्यालयले ध्यान दिएको देखियन । आन्तरिक लेखापरिक्षण शाखालाई छुटै शाखा वा इकाईको रुपमा व्यवस्थित गरि जनसक्तिको क्षमता विकासमा ध्यान दिन आवश्यक देखिन्छ ।

· आर्थिक, सामाजिक तथा भौतिक पुर्वधार विकाशका लागि निर्माण भएका योजनाको संख्या अधिक हुने तथा न्युन बजेटका कारण विकासका कार्यहरु प्रभावकारी तथा नतिजामुलक हुन नसक्ने भएकाले यस कार्यालयले बजेट निर्माण गर्दा बढी क्षेत्र तथा समुदाय लाभान्वित हुने गरि दिर्घकालिन रुपमा फाईदा हुने योजना निमार्णमा ध्यान दिनपर्ने देखिन्छ ।

· सार्वजनिक खरिद नियमावलि २०६४ को नियम ९७ (७) अनुसार खर्चको सूचना सार्वजनिक स्थानमा टाँस तथा सामाजिक परीक्षण गर्नु पर्ने कानूनी व्यवस्था छ यस कार्यालयले यस्ता सूचना टाँस गरेको पाईएन सूचना टाँस गरि सार्वजनिक खर्चलाई पारदर्शी बनाउन तर्फ कार्यालयले ध्यान दिन पर्दछ ।

· कार्यालयले सार्वजनिक खरिद ऐन मा भएको व्यवस्था वमोजिम खरिद सम्वन्धी खरिद गुरुयोजना तथा वार्षिक खरिद योजना बनाएको देखिएन । खरिद योजना बनाई खरिद कार्यलाई व्यवस्थित र पारशि वनाउन आवश्यक देखिन्छ।

· नगरपालिकावाट सञ्चालित सबै कार्यक्रमको तथा योजनाको नियमित अनुगमन मूल्याङकन गरि सोको प्रतिवेदन तयार नगरेकोले योजना तथा कार्यक्रम वास्तविक लाभग्राहि सम्म नपुग्ने तथा योजना कार्यक्रम दोहोरिने जस्ता समस्या देखिएको । नियमित अनुगमन मुल्याङकन गरी वार्षशिक अनुगमन प्रतिवेदन तयार गर्नुपर्ने देखिन्छ ।

· नगरपालिकाले खरिद गरेका तथा अनुदानमा प्राप्त गरेका सवारीसधनहरु कार्यविधि नवनाई सञ्चालन गरेको तथा सवारी साधनको विवरण स्पष्ट राखी आगामि दिनमा कार्यविधि बनाइ व्यवस्थित गर्नुपर्ने देखिन्छ ।

· महालेखा परिक्षकको वार्षिक लेखापरिक्षण प्रतिवेदनले औंल्याएका सुझावहरु तथा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले विभिन्न समयमा दिएका सुझाप तथा निर्देशनहरुको कार्यान्वियन गर्न ध्यान नदिएको देखियो। आन्तरिक लेखापरीक्षण, अन्तिम लेखापरीक्षणको प्रतिवेदनमा दिईएको सुझावहरको कार्यान्वियन गर्नु पर्दछ ।

· कार्यालयको कामलाई प्रभावकारी बनाई सेवा प्रवाहलाई छिटो छरितो विश्वसनिय र पार्दशि वनाउनका लागी जनसक्ति व्यवस्थापनको बढी महत्व पुर्ण भुमिका हुन्छ तर यस कार्यालयले जनसक्ति व्यवस्थापन तथा कर्मचारीको क्षमता विकासमा ध्यान दियको देखिदैन । जस्ले गर्दा सेवा प्रवाहमा अवरोध तथा ढिला सुस्ती हुने गर्दछ त्यसैले कार्यालयले सेवा प्रवाहको महत्वपुर्ण स्रोत जनसक्तिको उचित व्यावस्थापन र क्षमता विकासमा ध्यान दिन आवश्यक छ।

· संगठन र व्यवस्थापन सर्वेक्षण (O&M) Survey) गर्दा सवै पदको बस्तुपरक कार्यविवरण तयार गर्ने र सार्वजनिक निकायका सर्वे कर्मचारी/ पदाधिकारीलाई पदस्थापना गर्दा वा काममा लागाउनुपूर्व अनिवार्यरुपमा कार्यविवरण उपलब्ध गराई सो को आधारमा कार्यसम्पादन मूल्याङ्कन गर्ने व्यवस्था मिलाउनुपर्ने ।

· विभिन्न अध्ययन तथा डिजाइनको नाममा परामर्शदातामार्फत हुने खर्चको औचित्य पुष्टि हुनुपर्ने, अति आवश्यक अवस्थामा मात्र परामर्शदातामार्फत त्यस्ता कार्य गर्ने व्यवस्था मिलाउनुपर्ने र त्यसप्रकारका प्रतिवेदन यथाशिघ्र कार्यान्वयन गर्नुपर्ने। कार्यान्वयन हुन सम्भव नभएको अवस्थामा अधिकार प्राप्त अधिकारीमार्फत प्रमाणित गराई व्यवस्थित रुपमा अभिलेख राखे व्यवस्था मिलाउनुपर्ने ।

· कतिपय अवस्थामा उपभोक्ता समितिमार्फत गर्ने गरी स्वीकृत भएको कार्यक्रममा उपभोक्ता समितिको नामबाट ठेकेदारले गर्ने गरिएको पाइएको सन्दर्भमा उपभोक्ता समितिको कार्य ठेकेदारमार्फत नगरी स्वयम् समितिले नै गुणस्तरीय तवरले गर्नका लागि स्पष्ट कार्यविधि तयार गरी कार्यान्वयनमा ल्याउनुपर्ने तथा नियमित अनुगमन गर्नु पर्ने देखिन्छ ।

· जनप्रतिनिधिहरुको सेवा सुविधा प्रदेश कानुनले तोके अनुसार दोहोरो नहुने गरी व्यवस्था मिलाउनका लागि कार्यालयले जनप्रतिनिधिहरुको नाममा भुक्तानी हुने सबै सुविधा लाई अभिलेख राखि दोहोरो हुनेगरी दिनु हुदैन । कार्यालयले पदाधिकारीको मासिक बैठक भत्ता, इन्धन खर्च, सवारी साधन मर्मत खर्च, दैनिक भ्रमण खर्च लगाएतका खर्चहरु वडा सचिव तथा अन्य कर्मचारीको नाममा भुक्तानी गर्ने गरेको देखियो। आगामी आ.व वाट सम्वन्धित व्यक्तिहरकै खातामा भुक्तानी दिने व्यवस्था गर्नु पर्ने देखिन्छ ।

## ७८ प्रधानमन्त्री रोजगार कार्यक्रम

स्थानीयतहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । यस कार्यक्रम व्यवस्थित रुपमा सञ्चालनका लागि प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ तयार गरेको छ । यस कार्यक्रम अन्तर्गत पालिका अन्तर्गत १४ वडामा १४ योजना सञ्चालन गरी यस वर्ष ९४ जनालाई औसत ९७.३७ दिनले ९१५३ दिन रोजगारी उपलव्ध

गराई रु.६११४२२६ श्रमिक ज्याला खर्च गरेको छ । पालिकाका नियमित योजना र प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका योजना छनौट गर्दा योजना छनौटको आधार नखुलाएकोले दोहोरो परे नपरेको सम्बन्धमा स्पष्ट हुन सकिएन । योजनामा दोहोरो नहुने गरी योजना छनौट गरी कार्यान्वियन गर्नुपर्दछ । उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना भएको देखिंदैन । तसर्थ कार्यक्रम सञ्चालन निर्देशिका बमोजिम व्यवस्थित तवरले कार्य सञ्चालन गर्नुपर्दछ ।

७९ **हिसाब मिलान**

अन्तर-सरकारी-वित-व्यवस्थापन-ऐन,२०७४ को दफा ९ को उपदफा २ मा सशर्त अनुदान प्रदान गर्दा नेपाल सरकारले योजना कार्यान्वयन गर्ने सम्बन्धमा आवश्यक शर्त तोक्ने र सम्बन्धित प्रदेश तथा स्थानीय तहले तोकिएको शर्तको पालना गर्नुपर्ने व्यवस्था छ । साथै ऐन को परिच्छेद ८ मा अनुदानको प्रयोग सम्बन्धमा अनुदान जुन प्रयोजनका लागि प्राप्त भएको हो सोही प्रयोजनमा उपयोग गर्नुपर्नेमा पालिकाले सो अनुरुपको कार्य गरेको देखिएन । पालिकाले निर्वाह गर्ने प्रशासनिक, भैपरी तथा भौतिक निर्माण लगायतका कार्य गर्नुपर्ने तथा सो कार्यवापत सम्बन्धितलाई भुक्तानी गर्नुपर्ने दायित्व पालिकामाथि रहन्छ । तर पालिकाले समयमै बजेट खर्चको अख्तियारी प्राप्त नगर्नु तथा खर्चको अख्तियारी प्राप्त गर्दा पनि शुरु अनुमानित बजेट बमोजिम प्राप्त नहुनु जस्ता अवस्थाले फरक फरक बजेट खर्च शीर्षकमाथि अश्वभाविक दबाव परेको अवस्था देखिन्छ । परिणामस्वरुप पालिकाले शर्त अनुरुप प्राप्त गरेको संघीय सशर्त अनुदानमाथि वित्तीय अनुशासनको मापदण्ड परिपालना भएको देखिदैन । पालिकाको भनाई बमोजिम खर्चको आवश्यकता र प्राथमिकताको आधारमा शर्त सहित प्राप्त गरेको अनुदान समेत स्वीकृत कार्यक्रम भन्दा फरक क्षेत्रमा खर्च लेखिएको छ । यसरी गरिएको खर्चले वास्तविक खर्चको अवस्था तथा लक्षित कार्यको उपलब्धी समेत सुनिश्ति नहुने अवस्था रहन्छ । स्वीकृत कार्यक्रम फरक हुने गरी गरिएको खर्चले कार्यक्रम तोकि प्राप्त गरिएको अनुदानको उदेश्य पुरा भए नभएको तथा उक्त खर्चको हिसाब मिलान सम्बन्धी प्रतिवेदन समेत प्रभावकारी नहुने अवस्था देखिन्छ । साथै शिर्षक फरक भई भएको सम्पुर्ण खर्चको हिसाब मिलान तयार भए नभएको सम्बन्धमा सुनिश्चित हुन सकिएन । तसर्थ पालिकाले प्रभावकारी अनुगमन गरी हिसाब मिलान हुन बाँकी खर्चको यथासिघ्र हिसाब मिलान गरि प्रतिवेदन तयार गर्नुपर्छ ।

# अनुसूचीहरू

## अनुसूची - १

## आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८०/८१

कार्यालय र स्थान : षडानन्द नगरपालिका, भोजपुर , षडानन्द नगरपलिका , भोजपुर

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | विनोद कुमार भण्डारी | २०७९-५-२३ | २०८०-५-२२ |
| कार्यालय प्रमुख | मोहन प्रसाद चापागाईँ | २०८०-६-२५ | हाल सम्म कार्यरत |

बेरुजु वर्गीकरण:

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| १,५७२,०९० | ४,४७६,०८६ | ९,९३२,८७१.९ | ० | ० | ८५०,००० |
| | | | | **प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.** | १६,८३१,०४७.९ |
| | | | | **प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौट गरी संपरीक्षण भएको रकम रु.** | ६,७३०,२०१.९ |
| | | | | **संपरीक्षणबाट थप भएको बेरुजू रु.** | ० |
| | | | | **लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.** | १०,१००,८४६ |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| **गत बर्षको जिम्मेवारी** | | ७५६११२५२.६८ | |
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | ५१४५०४००० | **चालु खर्च** | ४४८९१७११५.४७ |
| **प्रदेश सरकारबाट अनुदान** | ३१६१७७४७ | **पूँजीगत खर्च** | २२६८७२८६५ |
| **राजश्व बाँडफाँट** | १०८४३५८७६.२६ | **वित्तीय/अन्य व्यवस्था** | १९६३१०२५१.७८ |
| **आन्तरिक आय** | ३२२९१८०९.२२ | | |
| **अन्य आय** | १६४०९८७१५.६५ | | |
| **कुल आय** | ८५०९४८१४८.१३ | **कुल खर्च** | ८७२१००२३२.२५ |
| **बाँकी मौज्दात** | | ५४४५९१६८.५६ | |

## बेरूजु दफा २ सँग सम्बन्धित विवरण - अनुसूची - ३

एकिकृत आर्थिक विवरण

| एकिकृत आर्थिक विवरण | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| आय | | | | व्यय | | | |
| सि.नं. | विवरण | रकम | रकम | सि.नं. | विवरण | रकम | रकम |
| 1 | गत बर्षको जिम्मेवारी | | | | | | |
| 1.1 | नगर | | ७५६११२५२.६८ | 1 | विनियीजन खर्च | | ६७५७८९९८०.४७ |
| 1.2 | बैक | ५५७२९७०९.२१ | | 1.1 | चालु खर्च | ४४८९१७११५.४७ | |
| 1.3 | धरौटी | ११४२७३९९.३४ | | 1.2 | पूजीगत खर्च | २२६८७२८६५ | |
| 1.4 | प्रकोप व्यवस्थापन कोष | १५४६७८७ | | 2 | संघ प्रदेश अनुदान फिर्ता | | ३२८८५५१९.७८ |
| 1.5 | कर्मचारी कल्याण कोष | ३२८७४५५ | | 2.1 | संघीय सशर्त चालु अनुदान फिर्ता | २६५२८३७०.७८ | |
| 1.6 | विविध खर्च खाता | ३६१९९०२.१३ | | 2.2 | संघीय सशर्त पुजीगत अनुदान फिर्ता | ४१९९९१८ | |
| 2 | राजस्व(आन्तरिक आम्दानी ) | | १४०७२७६८५.४८ | 2.3 | सघीय समपुरक पुजीगत अनुदान फिर्ता | १३५६०९१ | |
| 2.1 | जनसहभागिता | ६९३१००६.७३ | | 2.4 | प्रदेश सर्शत र चालु र पूजीगत अनुदान फिर्ता | ८०११४० | |
| 2.2 | आन्तरिक राजस्व खाता | २५३६०८०२.४९ | | 3 | अन्तरसरकारी हस्तान्तरण | | १५२२५७५०७ |
| 2.3 | बाँडफाँड बाट प्राप्त राजस्व | १०८४३५८७६.२६ | | 3.1 | सामाजिक सुरक्षा | १४४८०२१०५ | |
| 3 | संघीय सरकारबाट प्राप्त अनुदान | | ५१४५०४००० | 3.2 | पर्यटन पुर्वाधार विकास आयोजना | २८९०४०२ | |
| 3.1 | वित्तीय समानीकरण | १०१८३५००० | | 3.3 | स्थानीय तह प्रशासकीय भवन पूर्वाधार विकास कार्यक्रम | ३५००००० | |
| 3.2 | सशर्त अनुदान | ३५६४१९००० | | 3.4 | स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम | १०६५००० | |
| 3.3 | समपुरक अनुदान | १८७५०००० | | 5 | धरौटी फिर्ता | २७४८२०९ | २७४८२०९ |
| 3.4 | विशेष अनुदान | ३७५००००० | | ६ | प्रकोप व्यवस्थापन कोष | २४५०३० | २४५०३० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | खर्च | | |
| 4 | प्रदेश सरकारबाट प्राप्त अनुदान | | ३१६१७७४७ | ७ | विवि खर्च खाता खर्च | ८१७३९८६ | ८१७३९८६ |
| 4.1 | वित्तीय समानीकरण | ६८००००० | | ७ | मौज्दात | | ५४४५९१६८.५६ |
| 4.2 | सशर्त अनुदान | १२७०७००० | | | कर्मचारी कल्याण कोष | ३२८७४५५ | |
| 4.3 | समपुरक अनुदान | १२११०७४७ | | | विवि खर्च खाता | ३०७६८७१.७८ | |
| 4.4 | विशेष अनुदान | ० | | | प्रकोष व्यवस्थापन कोष | १३०१७५७ | |
| 5 | अन्तरसरकारी हस्तान्तरण | | १५२२५७५०७ | | धरौटी | १२८८९४४३.३४ | |
| 5.1 | सामाजिक सुरक्षा | १४४८०२१०५ | | | संचित कोष | ३३९०३६४१.४४ | |
| 5.2 | पर्यटन पुर्वाधार विकास आयोजना | २८९०४०२ | | | | | |
| 5.3 | स्थानीय तह प्रशासकीय भवन पूर्वाधार विकास कार्यक्रम | ३५००००० | | | | | |
| 5.4 | स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम | १०६५००० | | | | | |
| 6 | विविध खर्च खाता | ७६३०९५५.६५ | ७६३०९५५.६५ | | | | |
| ७ | धरौटी | ४२१०२५३ | ४२१०२५३ | | | | |
| | जम्मा | ९२६५५९४००.८१ | ९२६५५९४००.८१ | | जम्मा | ९२६५५९४००.८१ | ९२६५५९४००.८१ |

# सुझाव

स्थानीय तहद्वारा प्रदान गरिने सेवालाई छिटो, सरल, सुलभ र गुणस्तरीय बनाई स्थानीय जनताको जीवनस्तरमा सुधार ल्याउन यस स्थानीय तहले कानुन तथा नीति निर्माण, साधन स्रोतको प्रभावकारी परिचालन, विकास प्रशासन, राजस्व परिचालन, नियमित सेवा प्रवाह, आर्थिक प्रशासन लगायतका विषयमा तपसिल अनुसारका सुधार गर्नुपर्दछः

- वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम सम्बन्धित मार्गदर्शनमा तोकिएबमोजिम विनियोजनमा कुशलता, कार्यान्वयनमा दक्षता र अपेक्षित नतिजा प्राप्त हुने गरी बजेट विनियोजन गरी समयमै पारित गर्नुपर्दछ।
- आन्तरिक आयका क्षेत्रहरू पहिचान गरी आन्तरिक आय वृद्धि गर्नुपर्दछ। कार्ययोजना तयार गरी विगतका आय बक्यौता असुल गर्ने व्यवस्था गर्नुपर्दछ।
- नेपालको संविधानको धारा ५९ को उपधारा ७ मा सङ्घ, प्रदेश र स्थानीय तहको बजेट घाटा व्यवस्थापन तथा अन्य वित्तीय अनुशासन सम्बन्धी व्यवस्था संघीय कानुन बमोजिम हुने उल्लेख भएकोमा स्थानीय तहले यस सम्बन्धी कानुन निर्माण गर्दा संघीय कानुनसँग सामाञ्जस्यता कायम नगरेकोले यसमा सुधार हुनुपर्दछ ।
- स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन अनुसार मात्र पदाधिकारीलाई तोकिएको सुविधा व्यवस्था गर्नुपर्दछ। निर्वाचित हुने पद बाहेक राज्यकोषबाट तलव सुविधा बेहोर्ने गरी नियुक्त हुने सबै पदमा योग्यता र मापदण्ड तोकिनुपर्दछ ।
- स्थानिय सेवा ऐन र नियम अनुसार सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा सङ्गठन संरचना निर्माण गरी स्थायी पद सिर्जना, पद दर्ता र पदपूर्ति गरी कर्मचारी व्यवस्थापन गर्नुपर्दछ।
- भौगोलिक अवस्था, स्रोतको उपलब्धता, सेवा प्रवाहको अवस्थासमेतका आधारमा कानुन बमोजिम जनशक्ति व्यवस्थापन गर्नुपर्दछ । पदाधिकारी तथा कर्मचारीहरूको क्षमता विकास गरी कार्यसम्पादनमा प्रभावकारिता ल्याउन प्रशिक्षण तथा तालिमको व्यवस्था गर्नुपर्दछ।
- अनुदान दिने विषय, क्षेत्र, वर्ग, समूहबारे कानुनबाट नै स्पष्ट गरी अन्तिम प्रयोगकर्तालाई प्रत्यक्ष फाइदा पुग्ने तथा उत्पादन र उत्पादकत्वमा वृद्धि हुने गरी अनुदान प्रदान गर्नुपर्दछ । अति विपन्न र न्यून आय वर्गलाई सेवामा पहुँच दिन प्रदान गरिने सुविधा सोही वर्गमा पुगेको सुनिश्चित गर्न सो प्राप्त गर्नेको विवरण सार्वजनिकीकरण गर्नुपर्दछ ।
- व्यावसायिक प्रकृतिको संस्थाहरूलाई पुँजीगत अनुदान प्रदान गर्दा लाभग्राहीले प्राप्त गर्ने लाभको सुनिश्चितता हुनुपर्दछ । यस्ता संस्थाहरु विघटन भएमा बाँकी सम्पत्ति लगानीको अनुपातमा फिर्ता हुने सुनिश्चितता हुन पर्दछ। यस्तो निर्माण व्यक्तिगत स्वामित्व रहेको जग्गा वा सम्पत्तिमा गरिनु हुँदैन ।
- एउटै प्रकृतिको काममा समेत लागत अनुमान टुक्र्याई सोझै खरिद गर्ने, पूर्वानुमान गर्न सकिने अवस्थामा पनि लागत अनुमान यथार्थपरक तवरले तयार नगरी भेरिएसनबाट थप कार्य गराउने प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ।
- खरिद सम्झौताको निर्धारित समयमा ठेक्काको काम सम्पन्न गर्नुपर्दछ। म्याद थप कार्यलाई वस्तुनिष्ठ र तथ्यमा आधारित बनाउनुपर्दछ। निर्माण व्यवसायी वा उपभोक्ताबाट भएको निर्माण कार्यको विस्तृत विवरण देखिने गरी तोकिएको ढाँचामा अभिलेख राख्नुपर्दछ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८(५) बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक तथा सामाजिक परीक्षण र सार्वजनिक सुनुवाइ गर्नुपर्दछ।
- स्थानीय तहले आन्तरिक आयको परिधिभित्र रही मापदण्डका आधारमा आर्थिक सहायता वितरण गरी प्राप्त गर्नेको नाम सार्वजनिक गर्नुपर्दछ। त्यसैगरी अनुत्पादक र वितरणमुखी कार्यक्रममा गरिने खर्च घटाउनुपर्दछ।
- आधारभूत तथा माध्यमिक तहका विद्यालयहरूमा प्रचलित नियमले तोकेअनुसार शिक्षक विद्यार्थी अनुपातको आधारमा शिक्षक संख्या कायम गरी बढी भएका शिक्षकहरू समायोजन गर्नुपर्दछ।
- एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा रहेका विद्यार्थी संख्याको आधारमा दिवा खाजा, छात्रवृत्ति, पाठ्यपुस्तक र अन्य अनुदान रकम विद्यालयलाई निकासा दिनुपर्दछ ।
- बजेट तर्जुमा पूर्व नै अनुमान गर्न सकिने शीर्षकमा समेत अर्थ विविध वा अबण्डामा बजेट राख्ने र वर्षान्तमा रकमान्तर गरी खर्च गर्ने परिपाटी नियन्त्रण गर्नुपर्दछ।

- पूर्व तयारीका कार्य सम्पन्न भएका आयोजनामा मात्र बजेट विनियोजन गर्नुपर्दछ। स्रोतको सुनिश्चितताबेगरका कार्यक्रम/आयोजनामा आगामी वर्षको लागि दायित्व सिर्जना गरी भुक्तानी बाँकी राख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।
- कार्यालय तथा अस्पताल भवन, सडक, सिँचाइ, खानेपानी जस्ता आयोजनाहरू कार्यान्वयन गर्दा स्पेसिफिकेशनले तोकेको संख्यामा निर्माण सामग्रीहरूको गुणस्तर परीक्षण गराउनुपर्दछ। साथै रनिङ्ग बिलसाथ गुणस्तर परीक्षण प्रतिवेदन संलग्न गरेर भुक्तानी दिनुपर्दछ।
- उपभोक्ता समितिबाट काम गराउँदा खरिद सम्झौतामा तोकिए बमोजिमको जनसहभागिताको अंश समितिबाट व्यहोर्ने गरी सम्झौता गरेकोमा कतिपय काममा सो अंश व्यहोरेको यकिन नगरी भुक्तानी दिएकोले सम्बन्धित कर्मचारीलाई जवाफदेही बनाउनुपर्दछ ।
- जटिल प्रविधि तथा उपकरणको प्रयोग हुने निर्माण कार्य र सामग्री खरिद गर्ने कार्य समेत उपभोक्ता समितिबाट गराएकोले सोमा नियन्त्रण हुनुपर्दछ ।
- कृषि, पशु, सहकारी संस्था लगायतलाई विभिन्न प्रयोजनमा अनुदान उपलब्ध गराउँदा किसानको सूचीकरण, वर्गीकरण, परिचयपत्रको व्यवस्था गरी तीनै तहको समन्वयमा दोहोरो नपर्ने व्यवस्था गर्दै एकीकृत विद्युतीय अभिलेख राखी वितरण गर्नुपर्दछ। नाफामूलक संस्थालाई अनुदान वितरण गर्नु हुँदैन।
- सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (कोपोमिस) तथा विद्यमान सहकारी ऐन तथा नियमको आधारमा सहकारी संस्थाहरूको सुपरिवेक्षण गरी उक्त ऐन नियम अनुसार सञ्चालन भए नभएको सुनिश्चित गर्नुपर्दछ।
- आन्तरिक नियन्त्रण प्रणाली कार्यविधि तयार गरी कार्यसम्पादनलाई मितव्ययी, पारदर्शी र व्यवस्थित गर्नुपर्दछ। अन्तिम लेखापरीक्षण अगावै आन्तरिक लेखापरीक्षण सम्पन्न गरी सोबाट देखिएका बेहोरा जिम्मेवार व्यक्तिले फर्स्यौट गर्नुपर्दछ।
- वित्तीय अनुशासन कायम गर्न लेखापरीक्षण प्रतिवेदनको सार्वजनिकीकरण तथा बेरुजु फर्स्यौटको कानुनी व्यवस्था एवं संयन्त्र तय गरिनुपर्दछ । लेखा समितिको कार्यसञ्चालन सम्बन्धी कानुन तर्जुमा गरी सो समितिलाई प्रभावकारी बनाई बेरुजु फर्स्यौट कार्यलाई व्यवस्थित बनाउनुपर्दछ।
- सरकारी पेश्की बाँकी रहेकालाई सार्वजनिक पदमा नियुक्ति नगर्ने तथा निर्वाचित हुने पदको हकमा उम्मेदवार हुन वञ्चित गर्ने एवं म्याद नाघेको पेश्कीको विवरण सार्वजनिक निकायले आर्थिक वर्ष समाप्त भएको ७ दिनभित्र सार्वजनिकीकरण गर्ने कानुनी व्यवस्था हुनुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा असुल गर्नुपर्ने बेरुजु कायम रहेकोमा सो फर्स्यौट नगरुञ्जेल वृत्ति विकासमा रोक्का गर्ने तथा नयाँ नियुक्ति नहुने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा बेरुजु कायम भएमा सो व्यक्तिलाई उक्त बेरुजुबारे समयमै जानकारी गराउनुपर्ने र जानकारी नगराउने कर्मचारी उपर विभागीय कारबाही गर्ने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- जिन्सी सामग्री, यन्त्र उपकरण तथा औजारहरु आवश्यकता र औचित्यका आधारमा खरिद गरी उपयोगको सुनिश्चितता हुनुपर्दछ । मौज्दातमा रहेका यन्त्र, उपकरण र औजार मर्मत सम्भार गरी उपयोग हुन नसक्ने अवस्था एकीन गरेर मात्र खरिद गर्नुपर्दछ ।
- जुनसुकै तरिकाले प्राप्त गरेको जिन्सी एवं सार्वजनिक सम्पत्तिको अभिलेख अनिवार्य रूपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स) मा अभिलेख राख्नुपर्दछ।
- सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ अनुसार कार्यालयको जनशक्तिले गर्न नसक्ने कामको लागि मात्र परामर्श सेवा खरिद गरी परामर्शदाता माथिको निर्भरता कम गर्नु पर्दछ । तयार गरिएका विस्तृत आयोजना प्रतिवेदन लगायतका प्रतिवेदनहरू क्रमिक रुपले कार्यान्वयन गर्नुपर्दछ।
- सरकारी डिजिटल सेवाहरूको गुणस्तर, पहुँच र विश्वसनीयता बढाउन सेवा स्तर सम्झौता तथा गोपनीयता सम्झौता अनिवार्य गर्नुपर्दछ। एकै प्रकारको कामको लागि निकायगतरूपमा अलग - अलग सूचना प्रविधि प्रणाली खरिद गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।
- सेवा प्रवाहको प्रभावकारिता लागि नागरिक सचेतना वृद्धि कार्यक्रम गर्नुका साथै नागरिकबाट पृष्ठपोषण प्राप्त गर्ने विधि अवलम्बन गर्नुपर्दछ। समयको उपलव्धता एवं सेवा खरिद गर्ने सामर्थ्य सहितको सेवा प्रवाह तय गरिनुपर्दछ ।
- सेवाग्राही समेतको योगदानमा आधारित रही विभिन्न कोषको स्थापना भएकोमा यस्ता कोषको रकम खर्च गर्दा सेवाग्राहीको हित संरक्षण भएको सुनिश्चितता हुनुपर्दछ ।
- आन्तरिक लेखापरीक्षण प्रतिवेदनमा उल्लिखित बेहोरा कार्यान्वयन नहुने गरेकोले आन्तरिक लेखापरीक्षण प्रभावकारी देखिँदैन। आन्तरिक लेखापरीक्षणलाई प्रभावकारी बनाउनुपर्दछ।
- पालिकामा निर्माणाधीन कार्यालय भवन समयमै निर्माण सम्पन्न गर्नुपर्दछ ।